मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ | अंक १५३ | २०८३ साल वैशाख ०९ गते बुधबार | Wednesday 22, April 2026 | सूर्योदयः बिहान ०५:३६ बजे | सूर्यास्तः साँझ ०६:३२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## नेपालले युएईलाई हरायो

**काठमाडौँ।**
संयुक्त अरब इमिरेट्स (युएई)लाई आठ विकेटले पराजित गर्दै नेपाल विजयी भएको छ। कीर्तिपुरस्थित त्रिवि मैदानमा यूएईले नेपाललाई जितको लागि १२९ रनको लक्ष्य दिएको थियो । जवाफमा नेपालले १५.५ ओभरमै मात्र २ विकेट गुमाएर लक्ष्य पूरा गर्यो।
नेपालको जितमा कुशल भुर्तेल नायक बने । उनले ५७ बलमा १२ चौका र २ छक्कासहित अविजित ८४ रनको उत्कृष्ट इनिङ्स खेले । त्यस्तै कुशल मल्लले १९ रन बनाए भने सन्तोष यादव १ रनमा आउट भए। कप्तान दीपेन्द्र सिंह ऐरी २३ रनमा अविजित रहँदै टोलीलाई जितसम्म पु¥याए । यूएईका निलांश केसवानी र मुहम्मद अरफानले समान १–१ विकेट लिए। त्यसअघि टूस हारेर पहिला ब्याटिङको निम्तो पाएको युएईले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १२८ रन बनाएको थियो । यूएईका लागि अक्षदीप नाथले अविजित ५३ रन र मुहम्मद अरफानले ३२ रन बनाएका थिए। नेपालका बलर सन्दीप लामिछानेले ४ ओभरमा मात्र ६ रन दिएर ३ विकेट लिए। हेमन्त धामीले २ विकेट लिए भने नन्दन यादव र शाहब आलमले समान १–१ विकेट लिए। दुई खेलको सिरिजमा दुबै टोलीले एक एक खेल आआफ्नो पक्षमा पारे । हिजो भएको पहिलो खेलमा नेपाल युएईसङ ६ विकेटले पराजित भएको थियो।

# ३६ घण्टामा १२०० घर टहरा ध्वस्त



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका क्षेत्रमा मुख्य सडकको दायाँबायाँ २५ मिटरभित्र रहेका अतिक्रमित संरचना हटाउने कार्य सकेको छ । आइतबार बिहानदेखि डोजर प्रयोग गरी सुरु गरिएको सडक सीमा मुक्त अभियान सोमबार साँझसम्म, करिब ३६ घण्टाभित्र सम्पन्न भएको सडक डिभिजन कार्यालय हेटौँडाले जनाएको छ।
त्रिभुवन राजपथअन्तर्गत वीरगंज गण्डक चोकदेखि नेपाल–भारत मितेरी पुलसम्मको सडक खण्डमा रहेका करिब १ हजार २ सय घरटहरामा दुई दिनभित्रै डोजर चलाइएको हो । कार्यालयका इन्जिनियर दिलासा तिवारीका अनुसार भत्काइएका संरचनाबाट निस्किएको फोहोर छिट्टै व्यवस्थापन गर्ने तयारी भइरहेको छ। उनका अनुसार सडक निर्माणका लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्न विभागअन्तर्गतकै उत्तर–दक्षिण आयोजना निर्देशनालयलाई आग्रह गरिएको छ । केन्द्र सरकारबाट बजेट प्राप्त भएपछि गण्डक चोकदेखि मितेरी पुलसम्मको खण्डमा ६ लेनको सडक निर्माणका लागि ठेक्का प्रक्रिया अघि बढाइने उनले बताइन् । तीन महिना भित्र डिपिआर तयार गरि दुइबर्ष भित्र सडक निर्माण भइसक्ने इन्जीनियर तिवारीको भनाई छ। सडकको केन्द्रविन्दुबाट २५–२५ मिटर दुवैतर्फ र २५ मिटरपछि थप पाँच फुट खाली ठाउँ छाडेर सो पछि मात्रै नीजि संरचना बनाउनु पर्ने वीरगंज महानगरपालिकाले जनाएको छ।

- **सर्वसाधारणलाई सास्ती**

वीरगंज महानगरपालिकाको गण्डकदेखि मितेरी पुलसम्म मुख्य सडक फराकिलो बनाउन सडक डिभिजन कार्यालय हेटौँडाले संरचना तथा घरटहरा भत्काएपछि सडक र सडकपेटीमा थुप्रिएको सामग्रीहरूले सर्वसाधारणलाई शास्ति भइरहेको छ। सवारी साधन सञ्चालन गर्न र पैदल हिँड्न समेत समस्या भएको छ। पूर्व तयारीबिना घरटहरा भत्काउदा घरधनीले ब्यहोरेको आथिर्क क्षतिका अतिरिक्त भत्काउँदा सडक पेटीमा थुप्रिएको निर्माण सामग्री सिसाका टुक्रा फलामका झ्याल ढोका काठका फर्निचरलगायतका समान यत्रतत्र छरिएका छन्।
वीरगंज मेनरोड निवासी केवल केशरीले आधारभूत सेवा विद्युत् खानेपानी इन्टरनेट र टेलिफोनको वैकल्पिक व्यवस्था नगरी तोडफोड गरिँदा समस्या निम्तिएको बताए । सडकपेटीमा चुँडिएका विद्युतीय तार हालसम्म नजोडिएकाले कतिपय ठाउँमा विद्युत्, खानेपानी, इन्टरनेट र टेलिफोन सुचारु हुनसकेको छैन। पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले सडकपेटीमा थुप्रिएको सामग्रीको व्यवस्थापन गर्न सडक डिभिजन कार्यालय हेटौँडा र वीरगंज महानगरपालिकासँग समन्वय गरी काम भइरहेको जानकारी दिए । यसैबीच वीरगंज महानगरपालिका मेयर राजेशमान सिंहले तोडफोडमा वीरगंज महानगरपालिकाको कुनै भूमिका नभएको बताएका छन् । अदालतको फैसलाअनुसार सडक विभागले सडक सीमा क्षेत्र क्लियर गरेको भन्दै मेयर सिंहले आफूले चाहेर हुने भए यसभन्दा पहिले नै सडक अतिक्रमण हटाउने कार्य भइसकेको हुने बताए।
छोटो समयमा अचानक सूचना जारी गर्दै दुई तीन दिनको समय पनि नदिएर घरटहरा भत्काउँदा नगरबासीले ठूलो क्षति बेहोर्नु परेको उनले बताए । मुख्य सडकबाट विस्थापित भएकालाई अन्य कुनै विकल्प नरहेको अवस्थमा महानगरपालिकाले व्यवस्थापनको सहयोग गर्ने बताए।

- **तोडफोडपछि सांसदको सहानुभूति**

पर्सा क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य हरि पन्तले वीरगंजमा भइरहेको सडक विस्तार अभियानलाई लिएर आम नागरिकको पीडाप्रति सहानुभूति व्यक्त गरेका छन् । काठमाडौँबाट सडक विस्तार कार्यका लागि आएका गृहमन्त्रीका स्वकीय सचिव, भौतिक योजना तथा निर्माण मन्त्रीका स्वकीय सचिव तथा सचिवालय सचिवसँगको गढीमाई दर्शनको तस्बिर सामाजिक सञ्जाल फेसबुकमार्फत सेयर गर्दै उनले यस्तो धारणा सार्वजनिक गरेका हुन्। सांसद पन्तले वीरगंजलाई फराकिलो र विकसित शहर बनाउने सबैको साझा चाहना पूरा हुने क्रममा ऐतिहासिक महत्व बोकेको मुख्य बजार क्षेत्रका संरचना भत्किँदा स्वाभाविक रूपमा पीडा महसुस हुने बताएका उल्लेख गर्दै विशेषगरी घर, आँगन तथा व्यवसायिक संरचना गुमाउनुपरेका स्थानीय बासिन्दाको दुःखलाई आफूले नजिकबाट बुझेको बताएका छन्।
सडक विस्तारका क्रममा कतिपय घरमा अहिले विद्युत् र खानेपानी सेवा समेत अवरुद्ध भएको उल्लेख गर्दै उनले यस अवस्थालाई ‘प्रसव पीडा’सँग तुलना गरेका छन् । विकासको क्रममा केही असहजता आउनु स्वाभाविक भएको भन्दै उनले नागरिकहरूलाई धैर्य गर्न आग्रह गरेका छन्।

- **अब पालो ३ नम्बर पुलको**

सडक डिभिजन कार्यालय हेटौँडाले महेन्द्र राजमार्गको पथलैयादेखि चुरियामाईसम्मको खण्डमा अनधिकृत रूपमा निर्माण गरिएका घर तथा टहरा हटाउन ३ दिने अल्टिमेटम दिएको छ। सडक विभागको स्वीकृतिबिना सार्वजनिक सडक तथा सडक सीमाभित्र निर्माण गरिएका संरचना हटाउन यसअघि पनि पटक–पटक सूचना जारी गरिएको थियो। तर ती संरचना अझै पनि हटाइएका छैनन्। सडक डिभिजन कार्यालय हेटौँडाका प्रमुख गुरुप्रसाद अधिकारीले हिजो सूचना जारी गर्दै महेन्द्र राजमार्गको पथलैया–चुरियामाई ३ नम्बर पुल र चुरियामाई मन्दिर क्षेत्रमा सडकको केन्द्रबाट दायाँ र बायाँ दुवैतिर २५–२५ मिटरको सडक सीमाभित्र रहेका सबै घर तथा टहरा वैशाख १० गतेभित्र हटाउन निर्देशन दिएका छन् । सूचनाको अटेर गरी तोकिएको समयभित्र संरचना नहटाएमा कानूनबमोजिम कडा कारबाही गरिने चेतावनी समेत दिइएको छ।

### मधेशमा प्रहरीको आन्तरिक बदमासी छताछुल्ल

# अडियो प्रकरण र तस्करी विवादमा वरिष्ठ सई निलम्बित, एसपी अचेत !



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेशमा प्रहरी संगठनभित्रै गम्भीर विवाद र आन्तरिक द्वन्द्व सतहमा आएको छ । अडियो प्रकरण, तस्करी आरोप, उच्च तहको दबाब र स्वास्थ्य समस्यासम्म जोडिएका घटनाक्रमले जिल्ला प्रहरी कार्यालय धनुषाको अवस्था असामान्य बनेको देखिएको छ।
अडियो प्रकरणसँगै जिल्ला प्रहरी कार्यालय धनुषामा कार्यरत प्रहरी वरिष्ठ नायव निरीक्षक (वरिष्ठ सई) सागर शमसेर जबरामाथि निलम्बनको प्रक्रिया अघि बढाइएको छ । उनीमाथि आफ्नै संगठन तथा कार्यालय प्रमुखलाई बदनाम गराउने उद्देश्यले व्यापारीसँग मिलेर बनावटी अडियो तयार गरी सार्वजनिक गरेको आरोप लागेको छ। मधेश प्रदेश प्रहरी कार्यालयका सहायक प्रवक्ता एसपी भेषराज रिजालले विज्ञप्ति जारी गर्दै प्रहरी नियमावलीअनुसार जबरालाई निलम्बन गर्ने प्रक्रिया सुरु भइसकेको जानकारी दिएका छन्। अडियोमा व्यापारी रामजी महासेठसँगको संवाद सार्वजनिक भएको छ, जसमा डिआइजीका लागि रकम उपलब्ध गराउनेबारे कुराकानी गरिएको सुनिन्छ।
प्रहरी संगठनलाई नै विवादमा तान्ने यस घटनापछि डिआइजी कार्यालयले पनि आफ्नो नाम जोडेर बदनाम गराउन खोजिएको भन्दै छुट्टै छानबिन अघि बढाएको जनाएको छ। यसले मधेश प्रदेश प्रहरीभित्रको आन्तरिक विश्वास संकटलाई थप गहिरो बनाएको छ।
यही प्रकरणसँग जोडिएको अर्को गम्भीर घटनामा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एसपी रुगमबहादुर कुँवर कार्यस्थलमै अचेत भएर ढलेका छन्। स्रोतका अनुसार मधेश प्रदेशका डिआइजी गोविन्द थपलियाले तस्करी प्रकरणमा स्पष्टीकरण सोध्ने क्रममा दिएको दबाबका कारण उनी अचानक लडेको बताइएको छ । आइतबार भएको घटनापछि सोमबार उनले घरमै आराम गरे पनि स्वास्थ्यमा सुधार नआएपछि मंगलबारदेखि सात दिनको बिदा स्वीकृत गरिएको छ।
तस्करी प्रकरणमा डिआइजी थपलियाले जिम्मेवारी आफूबाट हटाएर वरिष्ठ सई सागर शमसेर राणातर्फ मोड्ने प्रयास गरेको आरोप पनि लागेको छ । यसै सन्दर्भमा एसपी कुँवरसँग दोस्रोपटक स्पष्टिकरण सोधिएको थियो । यसअघि सार्वजनिक भएको अर्को अडियोमा एक व्यापारीले डिआइजीका लागि आर्थिक संकलन गरेको स्वीकार गरेको विषयले पनि विवाद चर्काएको थियो।
धनुषाको भारतीय सीमावर्ती क्षेत्रमा हुने तस्करी नियन्त्रणका क्रममा समेत प्रहरीभित्रै मतभेद

बाँकी पृष्ठ २ मा

## साना उद्यमीको रोजाइ बन्दै इनड्राइभ.कुरियर्स

inDrive couriers

काठमाडौं, नेपालः इनड्राइभले नेपाली नयाँ वर्षको अवधिमा आफ्नो डेलिभरी सेवा इनड्राइभ.कुरियर्स प्रति उल्लेखनीय रूपमा माग बढेको जनाएको छ। विशेषगरी साना तथा मध्यम व्यवसायहरूले यस वृद्धिमा महत्वपूर्ण भूमिका खेलेका छन् ।

इनड्राइभ.कुरियर्स एक अन–डिमान्ड डेलिभरी सेवा हो, जसले व्यक्तिहरू र व्यवसायहरूलाई छिटो, भरपर्दो र पारदर्शी रूपमा सामान पठाउन कुरियर सेवासाग जोड्छ। यस सेवामार्फत ग्राहक र कुरियरबीच सिधैं सहमतिमा उचित भाडा निर्धारण गरी शहरभित्र पार्सल पठाउन सकिन्छ । औसतमा, कुरियरहरू ५–६ मिनेटमै पिकअप स्थानमा पुग्छन् भने ४० सेकेन्डभन्दा कम समयमा अर्डर मिलान हुन्छ। औसत डेलिभरी दूरी करिब ६ किलोमिटर रहेको छ।

इनड्राइभको आन्तरिक तथ्यांकअनुसार, सन् २०२५ को नेपाली नयाँ वर्षको अवधिमा डेलिभरी अर्डर संख्या अघिल्लो वर्षको तुलनामा २००% भन्दा बढीले बढेको थियो। साथै, कुल प्रयोगकर्ता संख्या र साना तथा मध्यम व्यवसाय (SMB) साझेदारहरू, जसमा स्थानीय पसल, अनलाइन विक्रेता र घरबाट सञ्चालन हुने व्यवसायहरू समावेश छन्, दुवैमा उल्लेखनीय वृद्धि भएको देखिएको छ। अघिल्लो वर्षको तुलनामा सक्रिय व्यवसाय प्रयोगकर्ताको संख्या २.६ गुणाले बढेको छ, जसले साना व्यवसायहरूमा डेलिभरी सेवाको प्रयोग तीव्र रूपमा बढिरहेको संकेत गर्दछ। यस अवधिमा प्रयोगकर्ताहरूले कपडा, दैनिक उपभोग्य सामग्री, खाना, स्पेयर पाट्र्सदेखि लिएर बाकस तथा अन्य पार्सलसम्म विभिन्न सामान पठाउन प्लेटफर्म प्रयोग गरेका थिए।

इनड्राइभ नेपालकी कन्ट्री रेप्रेजेन्टेटिभ रिता पोखरेलले भन्नुभयो, “नेपाली नयाँ वर्ष साना व्यवसायहरूका लागि अत्यन्त महत्वपूर्ण समय हो, जहाँ उनीहरूको वार्षिक बिक्रीको ठूलो हिस्सा यसै अवधिमा हुने गर्छ। हामीले थप उद्यमीहरूले छिटो र उचित सर्तमा आफ्ना ग्राहकसम्म पुग्न इनड्राइभ.कुरियर्समा निर्भर हुँदै गएको देखिरहेका छौं।”

अर्डर संख्यामा काठमाडौंले अग्रणी भूमिका खेलेको छ, जहाँ वर्ष–दर–वर्ष उल्लेखनीय वृद्धि देखिएको छ। साथै पोखरा र भरतपुरजस्ता शहरहरूमा पनि स्थिर विस्तार भइरहेको छ। यसले नेपालमा डेलिभरी सेवाको क्षेत्रमा इनड्राइभको सुदृढ उपस्थिति र नेपाली नयाँ वर्षजस्ता व्यस्त समयमा यसको बढ्दो महत्वलाई देखाउँछ।

इनड्राइभ.कुरियर्सले नेपालका साना व्यवसायहरूका लागि भरपर्दो डेलिभरी समाधानका रूपमा आफ्नो स्थान अझ सुदृढ बनाउँदै आएको छ। यसले लचिलो मूल्य निर्धारण प्रणालीमार्फत ग्राहक र कुरियरबीच उचित सहमति कायम गर्न सहयोग पुर्‍याउँछ।

मौसमी माग हरेक वर्ष बढ्दै जाँदा, इनड्राइभ नेपालभर डेलिभरी सेवा अझ सुलभ बनाउदै स्थानीय उद्यमीहरूलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धतामा निरन्तर अग्रसर रहने बताएको छ।

# न्यायाधीश स्वयम् स्थलगत निरीक्षणमा जाने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सरकारी बाटो व्यक्तिको नाममा नापी गरिएको विवादमा उच्च अदालत जनकपुर इजलाशले असामान्य तर महत्वपूर्ण आदेश जारी गरेको छ। मुद्दाको जटिलता र तथ्य स्पष्ट पार्ने आवश्यकता देखिएपछि अदालतले स्थलगत निरीक्षण गरेर प्रतिवेदन पेस गर्न निर्देशन दिएको हो।
कामु मुख्य न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश टीकाराम आचार्यको इजलासले पृथ्वी साह हलुवाईले जगदीश पासमानविरुद्ध दायर गरेको दूषित लिखत बदर तथा दर्ता बदरसम्बन्धी मुद्दामा यस्तो आदेश दिएको हो । उक्त विवाद सार्वजनिक बाटो निजी नाममा दर्ता गरिएको दाबीसँग जोडिएको छ।
अदालतले विवादित स्थानको प्रत्यक्ष अवलोकनका लागि वैशाख १३ गते बिहान १० बजे समय तोकेको छ । त्यस दिन दुवै पक्ष स्वयम् उपस्थित हुन सक्नेछन् भने उनीहरूको तर्फबाट नियुक्त कानून व्यवसायीलाई पनि अनिवार्य रूपमा उपस्थित हुन पत्रमार्फत जानकारी गराउने व्यवस्था गरिएको छ।
विशेष कुरा के छ भने, स्थलगत निरीक्षण स्वयं इजलासका न्यायाधीशहरूले गर्नेछन् । निरीक्षणका क्रममा अदालतका रजिष्ट्रार, इजलास अधिकृत तथा सम्बन्धित शाखाका प्रमुखलाई समेत उपस्थित गराइनेछ । साथै, विवादित जग्गाको नापजाँचका लागि जिल्ला अदालतका प्राविधिक (अमिन) र नापी कार्यालय धनुषाका सर्भेयरलाई उपकरणसहित अनिवार्य रूपमा स्थलमा उपस्थित हुन आदेश दिइएको छ।
निरीक्षणका क्रममा प्राप्त तथ्य र प्रमाणका आधारमा अधिकृत तथा कर्मचारीको टोलीले विस्तृत प्रतिवेदन तयार गरी अदालतसमक्ष पेस गर्नेछ । दुवै पक्षको रोहवरमा गरिएको अवलोकनबाट निष्कर्षमा पुग्ने तयारी अदालतले गरेको छ।
मुद्दाको संवेदनशीलता र जटिलता हेर्दै अदालतले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७८ अनुसार स्थानमै पुगेर तथ्य बुझ्ने प्रक्रिया अपनाएको हो। यो अभ्यास उच्च अदालत तहमा विरलै प्रयोग हुने भएकाले यसलाई न्यायिक प्रक्रियामा नयाँ कदमका रूपमा हेरिएको छ।
यसअघि यस्तै प्रकारको स्थलगत अध्ययन सर्वोच्च अदालतले गोदावरी मार्बलसम्बन्धी वातावरणीय मुद्दामा गरेको उदाहरण रहेको छ । अहिले जनकपुर इजलासले पनि त्यही विधि अपनाउँदै विवाद समाधानतर्फ ठोस आधार तयार पार्ने प्रयास गरेको देखिन्छ।

# सिरहा कारागारमा तनावः २२ कैदी नियन्त्रणमा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सिरहा कारागारभित्र पुनः विवाद चर्किएपछि प्रहरीले २२ जना कैदीबन्दीलाई नियन्त्रणमा लिएको छ । कारागारको आन्तरिक प्रशासन आफ्नो नियन्त्रणमा लिन खोजिएको आरोपपछि सुरक्षा निकायले हस्तक्षेप गर्दै ‘अप्रेसन’ चलाएको हो । प्रहरीका अनुसार केही दिनयता कारागारभित्र गुटबन्दी बढ्दै गएको थियो। दुई दिनअघि कारागारका चौकीदार प्रेम चौधरीलाई केही कैदीबन्दीले जबर्जस्ती हटाउँदै आन्तरिक व्यवस्थापन आफ्नो हातमा लिन खोजेपछि अवस्था तनावग्रस्त बनेको थियो । घटनापछि कारागारभित्र अशान्ति फैलिने संकेत देखिएपछि प्रहरीले सक्रिय कदम चालेको हो।
जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार कारागारको सुरक्षा र अनुशासन कायम राख्न विशेष अप्रेसन सञ्चालन गरिएको थियो । ‘आन्तरिक प्रशासन कब्जा गर्ने प्रयास भएपछि सुरक्षा जोखिम बढेको थियो, थप झडप हुन नदिन २२ जनालाई नियन्त्रणमा लिइएको हो,’ उनले बताए।
नियन्त्रणमा लिएका कैदीबन्दीलाई आवश्यक कानूनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी अन्य कारागारमा स्थानान्तरण गर्ने तयारी भइरहेको प्रहरीले जनाएको छ।
यसअघि पनि सिरहा कारागार विवादमा तानिएको थियो । गत माघमा कारागारभित्रै कट्टुवा पेस्तोल र दुई राउन्ड गोली फेला परेपछि तत्कालीन चौकीदार इन्द्रजित यादवसहित १३ जनालाई नियन्त्रणमा लिएर अन्यत्र सारिएको थियो । त्यस घटनाको विरोधमा कैदीबन्दीले दुई दिनसम्म प्रदर्शनसमेत गरेका थिए।
पछिल्ला घटनाक्रमले सिरहा कारागारभित्र सुरक्षा र व्यवस्थापनमा गम्भीर चुनौती देखिएको संकेत गरेको छ।



**नाका बन्दः** इलामको पशुपतिनगरस्थित बन्द गरिएको नेपाल–भारत सीमा नाका । भारतको पश्चिम बङ्गालमा वैशाख १० गते विधानसभाको निर्वाचन हुने भएकाले सोमबार साँझबाट निर्वाचन सम्पन्न नभएसम्मका लागि सीमा नाका बन्द गरिएको हो । तस्बिरः रासस

# ओमानसँगको खेलको लागि नेपाल ‘ए’ टोलीको घोषणा

**काठमाडौँ।**
नेपाल क्रिकेट सङ्घ (क्यान)ले ओमानविरुद्ध हुने दुई एकदिवसीय खेलका लागि आज नेपाल ‘ए’ टोलीको घोषणा गरेको छ।

वैशाख ९ र ११ गते हुने दुई दिने उक्त खेलको लागि आज १४ सदस्यीय नेपाली टोली छनोट गरेको क्यानको प्रवक्ता छुम्बी लामाले जानकारी दिए।

छनोट हुने खेलाडीमा कप्तान अनिलकुमार साहशहीदत देव खनाल, ईशान पाण्डे, सन्दीप जोरा, नृपराज दास, कुशल मल्ल, सन्तोष यादव, राशिद खान, साहब आलम, हेमन्त धामी, रिजन ढकाल, आकाश चन्द, युवराज खत्री र शेर मल्ल समावेश छन्।

क्यानले घरेलु मैदानमा आयोजना गर्न लागेको यो शृङ्खला युवा खेलाडीको क्षमता परीक्षण र अन्तरराष्ट्रियस्तरको अनुभव दिलाउने उद्देश्यले महत्त्वपूर्ण मानिएको छ । ओमान जस्तो प्रतिस्पर्धी टोलीविरुद्धको खेलले नेपाल ‘ए’का खेलाडीलाई भविष्यका ठूला प्रतियोगिताका लागि तयार पार्न सहयोग पुग्ने क्यानको अपेक्षा छ ।यो खेल काठमाडौँस्थित मुलपानी क्रिकेट मैदानमा सञ्चालन हुनेछ। रासस

# लामिछानेको पद निलम्बनको मागमा दरपिठ

**काठमाडौँ।**
सर्वोच्च अदालतल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई सांसद पदबाट निलम्बन गरी काम कारबाहीमा रोक लगाउन माग गर्दै पेस गरिएको रिट निवेदन दरपिठ (रिट दर्ता गर्न अस्वीकार)गरेको छ।

अधिवक्ता आयुष बडालसहितले सम्पत्ति शुद्धीकरणको मुद्दा विचाराधीन रहेको अवस्थामा लामिछाने स्वतः निलम्बित हुने उल्लेख गर्दै पेस भएको रिट निवेदन सर्वोच्च अदालत प्रशासनले दरपिठको गर्ने निर्णय गरेको अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिए।

# थवाङमा ‘प्रगतिशील सङ्गीत उत्सव–२०८३’ हुने

काठमाडौँ।
नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले रोल्पा कला साहित्य प्रतिष्ठान, काठमाडौँसँगको सहकार्यमा यही वैशाख १९ र २० गते रोल्पाको थवाङ गाउँपालिकामा ‘प्रगतिशील सङ्गीत उत्सव–२०८३’ आयोजना गर्ने भएको छ।

प्रगतिशील गीत–सङ्गीतमार्फत सामाजिक चेतना अभिवृद्धि गर्ने, सांस्कृतिक एकता सुदृढ गर्ने, तथा सिर्जनशील अभिव्यक्तिलाई राष्ट्रिय पहिचानसँग जोड्ने उद्देश्यले प्रगतिशील सङ्गीत उत्सव आयोजना गर्न लागिएको प्रतिष्ठानले आज काठमाडौँमा पत्रकार सम्मेलन गरी जानकारी दिइएको छ।

पत्रकार सम्मेलनमा प्रतिष्ठानकी सदस्य सचिव एवम् कार्यक्रम संयोजक कुस्मा महरा ‘प्रगति’ले यस उत्सवलाई सांस्कृतिक दृष्टिले एक महत्त्वपूर्ण राष्ट्रिय कार्यक्रमका रूपमा लिइएको बताइन्।

स्थापनाकालदेखि नै कला, संस्कृति, सङ्गीत तथा नाट्य क्षेत्रको संरक्षण, संवद्र्धन र प्रवद्र्धनमा निरन्तर योगदान पुऱ्याउँदै आएको प्रतिष्ठानले बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक विशेषताले सम्पन्न नेपाली समाजको विविधतालाई सम्मान गर्दै त्यसको पहिचानलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा स्थापित गर्ने उद्देश्यले कार्यक्रम गर्न लागिएको उनले बताए।

समाज रूपान्तरणको चेतना बोकेको प्रगतिशील साङ्गीतिक धारालाई केन्द्रमा राख्दै यस वर्ष ‘प्रगतिशील सङ्गीत उत्सव–२०८३’ आयोजना गर्न लागिएको बताउँदै संयोजक महराले यसलाई केवर मनोरञ्जनको माध्यमका रूपमा मात्र नभई समाज परिवर्तन, जनचेतना अभिवृद्धि र सांस्कृतिक जागरणको सशक्त साधनका रूपमा स्थापित गर्ने लक्ष्य राखेको बताइन्।

समाजमा विद्यमान असमानता, विभेद, अन्याय तथा कुरीतिविरुद्ध सचेतना फैलाउने तथा समानता, समावेशिता र सहअस्तित्वको सन्देश प्रवाह गर्ने उद्देश्यले प्रगतिशील सङ्गीतले खेलेको भूमिका ऐतिहासिक रहेको र त्यसको पहिचानका लागि कार्यक्रम आयोजना गरिएको प्रतिष्ठानकी कुलपति निशा शर्मा पोखरेलले जानकारी दिइन्।

ऐतिहासिक पृष्ठभूमिलाई आत्मसात गर्दै उत्सवले साङ्गीतिक अभिव्यक्तिलाई अझ सशक्त बनाउने अपेक्षा गरिएको गरिएको उनले बताइन् । उत्सवको पहिलो दिन उद्घाटन समारोहसँगै सहभागी प्रगतिशील क्षेत्रका कलाकारको सांस्कृतिक परिचय तथा विशेष साङ्गीतिक प्रस्तुति रहनेछ । दोस्रो दिन संवाद, अन्तरक्रिया, कार्यशाला तथा प्रगतिशील सङ्गीतका विविध आयाममा केन्द्रित प्यानल डिस्कोर्स गरी नेपालमा प्रतिशील सङ्गीतको भूमिका र महत्त्वको निष्कर्ष प्रस्तुत गरिनेछ।

यस्तै वरिष्ठ प्रगतिशील गीतकार, सङ्गीतकार तथा गायकको वेजोड प्रस्तुतिशहीदत प्रगतिशील सङ्गीत उत्सव–२०८३ समापन गरिनेछ।

उत्सवमा देशभरका प्रगतिशील गीत–सङ्गीतका अग्रज कलाकार, उदीयमान प्रतिभा, सांस्कृतिक समूह, शोधकर्ता, विद्यार्थी, सञ्चारकर्मी तथा सर्वसाधारण दर्शकको उल्लेखनीय सहभागिता रहने अपेक्षा गरिएको प्रतिष्ठानका उपकुलपति शम्भु राईले बताए।

यस्तै महिला, दलित, आदिवासी–जनजाति तथा सीमान्तकृत समुदायको सक्रिय सहभागितालाई विशेष प्राथमिकता दिइने र त्यसले समावेशी सांस्कृतिक वातावरण निर्माणमा टेवा पुग्ने विश्वास गरिएको उनले बताए। उनले प्रगतिशील गीत संगीत संरक्षणको अभावमा कलाकारसँग हराएर गइरहेको भन्दै चिन्ता प्रकट गरे।

रोल्पाको थवाङ गाउँपालिकामा आयोजना हुन लागेको यस उत्सवले स्थानीयस्तरमा मात्र नभई राष्ट्रियस्तरमा पनि विशेष महत्त्व राख्ने छ । ऐतिहासिक, सामरिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण स्थानका रूपमा चिनिएको रोल्पा प्रगतिशील विचार र सामाजिक चेतनाको केन्द्रका रूपमा परिचित रहँदै आएको छ।

त्यसैले यस स्थानमा आयोजना हुन लागेको उत्सवले स्थानीय सांस्कृतिक पहिचानलाई राष्ट्रियस्तरमा थप सुदृढ बनाउने विश्वास गरिएको छ । यस उत्सवले स्थानीय कलाकारको क्षमता अभिवृद्धि गर्नुका साथै संस्कृतिको क्षेत्रमा संभावनाका ढोका खुल्नुका साथै पर्यटन प्रवद्र्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको आयोजकले जनाएको छ।

संस्कृति राष्ट्रको पहिचान, अस्तित्व र विकासको आधारभूत स्तम्भ हो । गीत, सङ्गीत, नाटक र नृत्यजस्ता विधा नेपाली संस्कृतिलाई पूर्णता दिने मूल आधार हुन् । यी आधारले समाजलाई जोड्ने, अग्रगामी चेतना फैलाउने तथा सकारात्मक परिवर्तनको मार्ग प्रशस्त गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । यसै सन्दर्भमा आयोजना हुन लागेको ‘प्रगतिशील सङ्गीत उत्सव–२०८३’ ले नेपाली समाजमा थप सकारात्मक सोच, सहकार्य र सहअस्तित्वको भावना अभिवृद्धि गर्दै समुन्नत र समावेशी राष्ट्र निर्माणमा योगदान पुऱ्याउने विश्वास गरिएको प्रतिष्ठानले जनाएको छ। रासस

**मोटरसाईकल हराएको सूचना ।**

मिति २०८३/०१/०७ गते अन्दाजी राती १२:४७ बजे जनकपुरधाम उप-महानगरपालिका १४ पिडारी चोक स्थित परिवार होटेल नजिक पार्किङ्ग गरी राखेको कालो/सेतो रंगको पल्सर १५० सिसि मोटरसाईकल मधेश प्रदेश ०२ ००९ प १३०५ नम्बर भएको हराएको हुनाले फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाईदिनु हुन अनुरोध गर्दछु।

नाम : पप्पु कुमार यादव
ठेगाना : लक्ष्मिनियाँ गाउँपालिका ६ निकाल टोल
साविक : लक्ष्मिपुर वेगवा ९
मोडेल : Pulsar 150
चेचिस नं. : MD211CXXSPB 70664
ईन्जीन नं: DHXPSB 30753
मोसा नं: प्रदेश ०२ ००९ प १३०५
फोन नं : ९८००८६९९८९

# रातो मच्छिन्द्रनाथ जात्रा सुरु

# रथ तानेर गाबल पुऱ्याइयो

**ललितपुर ।**
ललितपुरमा ऐतिहासिक रूपमा मनाइँदै आएको रातो मच्छिन्द्रनाथ जात्रा मंगलबारदेखि औपचारिक रूपमा सुरु भएको छ । पुलचोकबाट तानेर रातो मच्छिन्द्रनाथको रथ गाबल पुऱ्याइएको छ ।

वर्षा र सहकालका देवताका रूपमा पूजा गरिने रातो मच्छिन्द्रनाथको देवतालाई गत शनिबार ३२ हात अग्लो रथमा बिराजमान गराइएको थियो । तिथिअनुसार मंगलबार पुलचोकबाट रथ तानेर गाबल पुऱ्याइएको हो ।



गुठी संस्थानका अनुसार रातो मच्छिन्द्रनाथलाई मीननाथ देवताले स्वागत गर्दै गाबलसम्म ल्याइएको हो । बुधबारदेखि रातो मच्छिन्द्रनाथको रथ अगाडि लाग्नेछ भने मिननाथ देवताको सानो रथ पछि लाग्नेछ ।

रथ गाबल, सुन्धारा, लगनखेल हुँदै ठटीटोल पुऱ्याइनेछ । ठटीटोलमा पुगेपछि जात्राको पहिलो चरण सम्पन्न हुने मच्छिन्द्रनाथ मृदङ्ग भजनमण्डलका सदस्य प्रद्युम्न श्रेष्ठले जानकारी दिए । उनका अनुसार लगनखेलबाट करिब सय मिटर अगाडि रथ तानेर पोडेटोलमा नरिवल फुटाउने र त्यसको भोलिपल्ट महिलाले रथ तान्ने परम्परा रहेको छ ।

ठटीटोलमा रथ विश्राम गरेपछि बिहीबार पात्रो हेरिन्छ र तिथिअनुसार एकदेखि करिब दुई महिनासम्म रथ त्यहीँ रहन सक्छ । त्यसपछि तिथिअनुसार रातो मच्छिन्द्रननाथको रथलाई पश्चितर्फ तानिन्छ । कुमारीपाटी हुँदै जावलाखेलस्थित ललितमण्डप पुऱ्याएको चौथो दिन ‘भोटो देखाउने’ प्रचलन रहेको छ । रासस

# विपद्का बेला मानवीय उद्धारको नेतृत्व गर्दै सशस्त्र प्रहरी

**नारायण न्यौपाने/रासस**
**काठमाडौँ।**
गोरखाको शहीद लखन गाउँपालिकाका अध्यक्ष रमेशबाबु थापालाई कुनै विपद् पर्ने बित्तिकै सशस्त्र प्रहरी बलकै सम्झना आउँछ। आपत् पर्यो कि सशस्त्रलाई सम्झने उनको बानी नै परिसक्यो। उनले भने, ‘प्राकृतिक वा मानवजन्य विपद्मा मानवीय उद्धारमा झवाट्ट सम्झने एउटै नाम सशस्त्र प्रहरी बल हो । यो सङ्गठनले मानवीय उद्धारमा गरेको कामकै कारण मैले सम्झिने गरेको हो।’

रमेशबाबु मात्रै होइनन्, पछिल्लो समय विपद्का बेला मानवीय उद्धार गर्नुपरेमा अधिकांशले सशस्त्र प्रहरीलाई नै सम्झिने गरेका छन्। देशमा शान्ति सुरक्षा र अमनचयनसँगै बाढीपहिरो, डुबान, भूकम्प, दुर्घटना र आगलागीजस्ता प्राकृतिक तथा दैवीप्रकोप जोखिमका बेला नागरिकको उद्धारमा सशस्त्र प्रहरी बल नेपाल सधैँ अग्रपङ्क्तिमा रहने गरेकाले पनि प्रशंसा हुने गरेको छ।

**उद्धारमा निरन्तर क्षमता अभिवृद्धि**

त्यसो त सशस्त्र प्रहरीको प्रशंसा त्यसै भएको हैन । यो संस्थाले उद्धारका क्षेत्रमा आफ्नो क्षमतालाई निरन्तर अभिवृद्धि गर्दै आएकाले यो सम्भव भएको हो।

पछिल्लो समय विपद् व्यवस्थापनलाई सुदृढ, प्रभावकारी र परिणाममुखी बनाउन सशस्त्र प्रहरी बलले विभिन्न काम गरिरहेको छ । गोताखोर, अग्निनियन्त्रक, उद्धारकजस्ता जोखिमयुक्त काममा सशस्त्रकै भर पर्नुपर्ने अवस्था छ।

सशस्त्रले देशका विभिन्न स्थानमा हालसम्म नौ विपद् व्यवस्थापन केन्द्र सञ्चालन ल्याइसकेको तथा छवटा स्थापना प्रक्रियामा रहेको जनाएको छ । यसै वर्षको मनसुनमा ५९ वटा विपद् व्यवस्थापन केन्द्र अस्थायी रूपमा सञ्चालनमा ल्याउँदैछ।

बलले कुरिनटारमा १ सय ३९ वटा तालिममार्फत आफ्ना तीन हजार १२ जनशक्तिशहीदत छ हजार ९ सय २९ जनालाई तालिम प्रदान गरिसकेको छ । यस अवधिमा शिक्षालयले १ सय ३४ जना विशेष तालिमप्राप्त गोताखोर तयार गरेको छ।

चितवन इच्छाकामना–४मा अवस्थित शिक्षालयबाट प्रशिक्षित जनशक्तिले २०६३ सालदेखि हालसम्म ३६ हजार ८४ विपद्का घटनामा १५ हजार ५ सय ४१ भन्दा बढीको सकुशल उद्धार, ८८ हजार ५ सय घाइतेको उद्धार तथा २५ हजार ७ सय ७८ जना मृतकको उद्धार गरेको छ।

त्यस्तै विभिन्न विद्यालय र संस्थामार्फत छ लाख ५७ हजार २ सय ८४ जनालाई विपद् व्यवस्थापन न्यूनीकरणसम्बन्धी तालिम सञ्चालन गरी समुदायस्तरमा सचेता वृद्धि गरिएकाले सङ्गठनको प्रतिबद्धता र कार्यक्षमता स्पष्ट रूपमा देखाएको सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल बताउँछन्।

**कुरिनटार शिक्षालय उत्कृष्ट**

सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारले ‘वाटर रेस्क्यु’, मेडिकल फस्ट रेस्पोन्डर (एमएफआर), कोल्याप्स स्ट्रक्चर सर्च एन्ड रेस्क्यु (सिएसएसआर), अग्नि नियन्त्रण, डिपवाटर रेस्क्युमा दक्ष जनशक्ति उत्पादन गर्दै खोज तथा उद्धारमा राष्ट्रिय क्षमता बढाएको छ । देशमा नदीजन्य दुर्घटना हुनासाथ सशस्त्र प्रहरी, गोताखोर र कुरिनटार सम्झनुपर्ने परिस्थितिले शिक्षालयले राष्ट्रिय रूपमा पहिचान दिलाउन सफल भएको महानिरीक्षक अर्यालको भनाइ छ । त्यसो त २०७२ सालको भूकम्पमा पनि खोज तथा उद्धारमा सशस्त्र प्रहरी बल सफल भएको थियो।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सशस्त्र प्रहरी बल प्राकृतिक प्रकोप तथा विपद्पछिको प्रथम र अन्तिम महत्त्वपूर्ण विकल्प रहेको बताए । उद्धार र राहतमा व्यवस्थापकीय हिसाबले सशस्त्र प्रहरी बल उत्कृष्ट र उदाहरणीय रहेको उनले बताए।

नेपाल भूकम्पका हिसाबले ११औँ, प्राकृतिक प्रकोपका घटनाका हिसाबले ३०औँ र जलवायु परिवर्तनका कारण उत्पन्न हुने जोखिमका हिसाबले चौथो जोखिमपूर्ण मुलुक मानिन्छ । विपद् व्यवस्थापनमा खटिने जनशक्ति र स्रोतसाधनको सीमितताले प्रकोपका बेलामा जनअपेक्षा र आवश्यकताबीचमा खाडल देखिए पनि स्थापना भएको २२ वर्षमा कुरिनटारस्थित शिक्षालयले राम्रो नतिजा दिएको छ।

महानिरीक्षक अर्याल भन्छन्, ‘सङ्गठनलाई प्राप्त कार्यादेशमध्ये विपद् व्यवस्थापन र उद्धारकार्यको जिम्मेवारीलाई छोटो अवधिमै देशको अग्रणी र विशिष्ट शिक्षालयका रूपमा कुरिनटार स्थापित छ।’

राष्ट्रले भोग्दै आएको प्रकृति विपद् र आकस्मिक सङ्कटका बेला उद्धारका लागि आवश्यक पर्ने दक्ष, अनुशासित, प्रतिबद्ध जनशक्ति उत्पादन गर्ने मूल उद्देश्यले स्थापित शिक्षालयले यही वैशाख २ गते २२औँ वार्षिकोत्सव मनाएको छ । शिक्षालयले प्रशिक्षणको भूमिकामा मात्र सीमित नरही व्यवहारिक उद्धारमा प्रत्यक्ष रूपमा परिचालित हुने इकाईका रूपमा पुरस्कृत हुँदै आएको छ।

विशेषगरी पृथ्वी राजमार्ग आसपासमा हुने सवारी दुर्घटना, बाढीपहिरो र अरु आकस्मिक घटना तथा देशको दुर्गम तथा चुनौतीपूर्ण क्षेत्रमा पनि यहाँबाट जनशक्ति परिचालित भई जीवनरक्षा तथा मानवीय सहयोगमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

विसं २०५८ मा सशस्त्र प्रहरी बल, नेपालको बेस क्याम्पका रूपमा स्थापना भई २०६७ साल वैशाख १९ गतेदेखि पहिलो विपद् व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरी २०६८ साल मङ्सिर २२ देखि विपद् व्यवस्थापन तालिम केन्द्रका रूपमा शिक्षालय स्थापना भएको हो । सशस्त्र प्रहरीले देशका विभिन्न नौ स्थानमा विपद् व्यवस्थापन बेस स्थापना गरी पछिल्लो २० वर्षमा सडक दुर्घटना, पहिरो, नदीजन्य, आगलागीलगायतका घटनामा परेका एक हजार सात जनाको जीवितै उद्धार गरेको छ।

विपद्का घटनामा परिचालन हुने क्रममा सङ्गठनका ११ जनाले हालसम्म सहादत प्राप्त गरिसकेका छन्। दुर्घटनामा परी ज्यान गुमाएकाहरूको शव निकाल्न हतारो गर्दा अर्को व्यक्तिको सासलाई जोखिममा पार्नुहुन्न भन्ने जनचेतना समाजमा फैलाउनुपर्ने आवश्यकतामा बलले जोड दिएको छ । महानिरीक्षक अर्यालले विपद्का समयमा उद्धार गर्न सशस्त्र प्रहरी नआएको भए हामी बाँच्ने थिएनौँ भन्ने सन्देश नागरिकलाई दिनेगरी काम गर्न तथा देश र जनहितविपरीत हुनेगरी कुनै गल्ती नगर्न निर्देशन दिए।

विपद्पछिको त्यस्ता जोखिमपूर्ण उद्धार कर्यमा परिचालित हुँदा मृत्यु भएमा विपद् शहीदद घोषणा गर्ने प्रस्ताव पनि सङ्गठनले अघि बढाएको छ । सशस्त्र प्रहरी बलले धादिङको नौबिसेदेखि चितवनको मुग्लिङसम्मको बाटोमा सडक सुरक्षा परामर्शसम्बन्धी नयाँ कार्यक्रम सुरु गर्दैछ । त्यस कार्यक्रमसँग यस क्षेत्रमा रहेका सामुदायिक अस्पताल र एम्बुलेन्स सेवालाई पनि समेटिनेछ । त्यस क्रममा दुर्घटनामा परेकालाई तत्काल उद्धार गरी संयुक्त प्रयासमा सम्बन्धित अस्पताल पुर्याइनेछ।

विपद् व्यवस्थापनलाई सुदृढ, प्रभावकारी र परिणामुखी बनाउन सङ्गठनले विभिन्न पहल गरेको छ। विपद् वा दुर्घटनामा परेका व्यक्तिको उद्धारका लागि खटिने प्रहरी ज्यान नै जोखिममा पर्नसक्ने पक्षलाई हेक्का गर्दै सङ्गठनको अनुरोधमा गोताखोरलगायतका जनशक्तिलाई अघिल्लो वर्ष १० लाखबराबरको दुर्घटना बीमा गरेको छ।

सङ्गठनले जोखिमयुक्त क्षेत्रमा काम गर्ने त्यस्ता करिब ५ सय जनशक्तिलाई २५ लाख रुपैयाँको बीमा र अन्यबाट थप दुई लाखसमेत प्राप्त गर्ने व्यवस्था मिलाएको छ । प्राकृतिक प्रकोपमा हुनसक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न जल तथा मौसम विभागबाट मनसुनसम्बन्धी पूर्वानुमान उपलब्ध हुनासाथ सम्भावित जोखिम क्षेत्रमा आवश्यक जनशक्ति परिचालित गरी विपद् व्यवस्थापन तयारीको व्यवस्था मिलाइएको शिक्षालयका समादेशक भरत खनियाँले जानकारी दिए।

पछिल्लो समय सशस्त्र प्रहरी बलले मुलुकका सबै वडामा २५ जनाका हिसाबले एक लाख ६७ हजार विपदसूचक नाम सङ्कलन गरेकाले त्यसमा आवश्यक सहयोग पुर्याउन स्थानीय तहलाई आग्रह गरेको छ।



# मधेशमा प्रहरीको आन्तरिक बदमासी छताछुल्ल....

चुलिएको देखिन्छ। स्रोतका अनुसार केही व्यापारीले डिआइजी निकट भएर चिनियाँ ‘फुजी’ प्रजातिको स्याउ भित्र्याउन खोज्दा एसपी कुँवरले रोकेका थिए । त्यसपछि सम्बन्धमा तिक्तता बढ्दै गएको थियो । थपलियाले कुँवरलाई कार्यालयमै बोलाएर अपशब्द प्रयोग गर्दै गाली गरेको आरोप समेत लागेको छ।

यता जिल्ला प्रहरीले रोकेको तस्करी प्रदेश प्रहरीबाट खटिएका टोलीले खुलाउन थालेपछि आन्तरिक तनाव झन् बढेको बताइन्छ। यसमा प्रहरी प्रधान कार्यालयका उच्च तहका व्यक्तिहरूका आफन्तसमेत संलग्न रहेको चर्चा प्रहरी वृत्तमै हुने गरेको स्रोतको दाबी छ।

पछिल्लो अडियो प्रकरण गुट्खा तस्करीसँग सम्बन्धित रहेको र त्यसमा डिआइजीका लागि रकम संकलन गरिएको उल्लेख भएपछि विवाद थप गम्भीर बनेको हो। यद्यपि जिल्ला प्रहरीका प्रवक्ता डीएसपी गणेशबहादुर बमले भने एसपी कुँवर घरायसी कारणले बिदामा बसेको प्रतिक्रिया दिएका छन्।

स्रोतका अनुसार एसपी कुँवर उच्च रक्तचापका बिरामी रहेका कारण अत्यधिक तनाव सहन नसक्ने अवस्थामा थिए । निरन्तरको दबाब र तनावका कारण उनले खाइरहेको औषधिले समेत काम नगरेपछि उनी कार्यस्थलमै अचेत भएको पारिवारिक स्रोतको भनाइ छ।

समग्रमा अडियो प्रकरण, तस्करी आरोप, उच्च अधिकारीबीचको आरोप–प्रत्यारोप र स्वास्थ्य समस्या एकैसाथ देखिँदा धनुषा प्रहरी संगठनभित्र गम्भीर संकट उत्पन्न भएको संकेत मिलेको छ। अहिले यस विषयमा आन्तरिक छानबिन जारी रहेको प्रहरीले जनाएको छ।

यस्तै, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख तथा प्रहरी उपरीक्षक (एसपी) गौतम केसीमाथि छानबिन गर्न समिति गठन गरिएको छ । मधेश प्रदेश प्रहरी कार्यालयले एसपी केसीमाथि छानबिन गर्न एसएसपीको नेतृत्वमा समिति बनाएको हो । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डिआइजी (प्रहरी नायव महानिरीक्षक) अबि नारायण काफ्लेका अनुसार एसएसपी कमल थापाको नेतृत्वमा समिति गठन गरिएको हो । समितिले कामसमेत सुरु गरेको छ । समितिले एसपीमाथि सोधपुछ सुरु गरेको छ । एसपी केसी र एक व्यक्तिबीचको फोन संवादको रेकर्ड बाहिरिएको थियो । जहाँ ती व्यक्तिले प्रहरीले उजुरी लिन नमानेको देखि उजुरी दिनका लागि प्रहरी कार्यालयभित्रै सहजीकरण गर्नुपर्नेमा नगरिएको गुनासो गरेको सुनिन्छ । यही विषयमा छानबिन गर्न समिति गठन गरिएको हो।

# मधेशमा तापक्रम ३९ डिग्री सेल्सियसः जनजीवन प्रभावित

**धनुषा।**
जनकपुरधामलगायत मधेश प्रदेशमा मंगलबार अत्यधिक गर्मी बढेको छ । प्रदेशभरमै सबैभन्दा बढी तापक्रम यो समाचार तयार पार्दासम्म जनकपुरधाममा मापन भएको छ । जसअनुसार जनकपुरको तापक्रम अहिले ३८ डिग्री पुगेको छ भने वीरगंजमा ३९ डिग्री सेल्सियस पुगेर जनजीवन अत्यधिक प्रभावित भएको जल तथा मौसम विज्ञान विभाग कार्यालय जनकपुरका प्रमुख राजिव झाले जानकारी दिए।



उनका अनुसार चर्को गर्मीसँगै तातो हावा चलेपछि सर्वसाधारणको दैनिकी कष्टकर बनाएको छ भने विशेषगरी बालबालिका, वृद्धवृद्धा, मजदुर र साना व्यवसायीहरू यसबाट सबैभन्दा बढी प्रभावित भएका छन्।
यस्तै, गर्मीको प्रत्यक्ष असर श्रमिक, मजदुर र साना सडक व्यवसायीहरूमा परेको छ । गर्मी अत्यधिक बढेर तातो हावा चलेसँगै दिनभर काम गर्न असहज भएको र ग्राहकहरूको चहलपहल पनि कम हुँदा उनीहरूको आम्दानीमा पनि असर परेको छ । सडक किनारमा ठेला वा पसल राख्ने व्यवसायीहरू दिउँसोको चर्को घाममा बस्न नसक्ने अवस्थामा छन्।
जल तथा मौसम विज्ञान विभागका अनुसार तराई क्षेत्रमा अझै केही दिन तापक्रम उच्च रहने सम्भावना छ । यसले गर्दा तातो हावा (लु) चल्ने क्रम पनि जारी रहनेछ।
स्वास्थ्यकर्मीहरूले गर्मीबाट बच्न आवश्यक सावधानी अपनाउन आग्रह गरेका छन् । पर्याप्त मात्रामा पानी पिउने, झोलिलो पदार्थ सेवन गर्ने, दिउँसो घरबाहिर ननिस्कने, हल्का र खुकुलो कपडा लगाउने जस्ता उपायहरू अपनाउन चिकित्सकहरूले सुझाव दिएका छन् । विशेषगरी बालबालिका, वृद्धवृद्धा र दीर्घ रोगीहरूलाई गर्मीको प्रत्यक्ष प्रभावबाट बचाउन विशेष ध्यान दिनुपर्ने देखिन्छ।

**अत्यधिक गर्मी महसुस**
पछिल्ला केही दिनयता बढ्दो तापक्रमका कारण विशेषगरी मधेश प्रदेशका जिल्लाहरूमा गर्मी अत्यधिक बढ्दै गएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार तराई क्षेत्र, विशेषतः मधेशका भू–भागमा तातो हावा ‘लु’ चल्ने जोखिम बढेको छ।
सोमबार दिउँसो सार्वजनिक गरिएको तथ्याङ्कअनुसार कपिलवस्तु मा तापक्रम ४१ डिग्री सेल्सियस पुगेको छ भने बाँके मा ३९ डिग्री सेल्सियस मापन गरिएको छ।
मधेश प्रदेशसहित तराईका अधिकांश क्षेत्र, उपत्यका र खोँचहरूमा दिनदिनै गर्मी तीव्र बन्दै गएको विभागले जनाएको छ। यस्तै हिजो दिउँसो वीरगन्जको तापक्रम ३५ डिग्री मापन गरिएको थियो।
मौसमविद् सञ्जिव अधिकारीका अनुसार भोलि बुधवारसम्म मधेश प्रदेशलगायत तराई क्षेत्रमा तातो हावाको लहर जारी रहने सम्भावना छ।

# घुमुवा सईद्वय हेडक्वार्टर तानिए



**मधेशदृष्टि**
**जनकपुरधाम।**
तस्करसँगको साँठगाँठ रहेको आरोपमा वरिष्ठ सई गोपाल थापा मगर र सई जयलाल यादवलाई प्रहरी प्रधान कार्यालय (हेडक्वार्टर) तानिएको छ।
सुरक्षा स्रोतका अनुसार लामो समयदेखि ‘घुमुवा’ भूमिकामा सक्रिय रहँदै विभिन्न जिल्लामा ‘लाइन’ सञ्चालन र आर्थिक संकलनमा संलग्न रहेको आरोपपछि उनीहरूलाई फिर्ता बोलाइएको हो।
प्रहरी वृत्तमा ‘घुमुवा डन’को रूपमा चिनिँदै आएका यी सईद्वयमाथि छानबिन आवश्यक देखिएपछि केन्द्रले कदम चालेको जनाइएको छ। उनीहरूलाई प्रदेशमा खटाउने निर्णय मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थपलियाकै रहेको र उनीहरू विश्वासपात्रका रूपमा काम गर्दै आएको बताइएको छ ।
यसैबीच, डिआइजी थपलिया पनि आर्थिक कारोबारमा संलग्न रहेको अडिओ नेपाल प्रेसबाट सार्वजनिक भएसँगै डिआइजी थपलिया पनि विवादमा तानिएका छन् । छानबिनको दायरा विस्तार भइरहेको बताइए पनि यसबारे आधिकारिक पुष्टि भने भइसकेको छैन।

# सिरहाको लहानमा ‘स्नेह वृद्धाश्रम’ निर्माण

**सिराहा।**
सिराहाको लहान नगरपालिका–२४ स्थित गोविन्दपुरमा स्नेह वृद्धाश्रम निर्माण सुरु भएको छ । लहानको मुख्य बजारदेखि करिब आठ किलोमिटर उत्तर–पश्चिम, धार्मिक पर्यटकीयस्थल मानिकदह जाने बाटोमा पर्ने सरे खोलाको दक्षिणी किनारमा रहेको १० कठ्ठा जग्गामा निर्माण भइरहेको हो । वृद्धाश्रम निर्माणस्थलको करिब ३०० मिटर पश्चिमतर्फ कृष्ण मन्दिर निर्माणकार्य पनि अगाडि बढिरहेको छ। मन्दिर र वृद्धाश्रमको बीचमा पोखरी निर्माण गरी त्यसमा गोल (जाइठ) राख्ने पूजासमेत सम्पन्न गरिएको छ । भूमिपूजा कार्यक्रममा लहान नगरप्रमुख महेशप्रसाद चौधरी, वडा नं २४ का वडाध्यक्ष रासलाल राय, तथा महिला मानवअधिकारकर्मी रीता महतोको सहभागिता रहेको थियो । वृद्धाश्रम निर्माणका लागि लहान नगरपालिकाले १० कठ्ठा जग्गा उपलब्ध गराएको छ भने चालु आर्थिक वर्षमा भौतिक पूर्वाधार कार्यालयमार्फत रु २५ लाख बजेट विनियोजन गरिएको नगरप्रमुख चौधरीले जानकारी दिए।



थप बजेटका लागि नगरपालिकाले व्यवस्थापन गर्ने उनले बताए । वडाध्यक्ष रायले विकासका गतिविधि तीव्र रूपमा अघि बढिरहेको उल्लेख गर्दै भने, यस वडामा सडक, खानेपानी, सिँचाइ, स्वास्थ्य, शिक्षा तथा धार्मिक पर्यटकीय क्षेत्र मानिकदहको विकासलाई प्राथमिकतामा राखेर काम भइरहेको छ । स्थानीयको आवश्यकता र चाहनाअनुसार पूर्वाधार निर्माणलाई निरन्तरता दिएका छौँ, जसले समग्र वडाको विकासलाई गति दिएको छ।
उक्त क्षेत्रमा स्थानीय कृषकको मागअनुसार हाटबजार सञ्चालनको तयारीसमेत गरिएको वडाध्यक्ष रायले जानकारी दिए । मन्दिर निर्माण समितिका अध्यक्ष वालेश्वर राउत कुर्मीका अनुसार, केही दिनअघि सम्पन्न श्रीमद्भागवत सप्ताह विष्णु महायज्ञपछि सो क्षेत्रको नाम ‘पुलचोक’ राखिएको छ, यसले उक्त स्थानलाई धार्मिक तथा सामाजिक रूपमा थप पहिचान दिलाउने अपेक्षा गरिएको छ। रासस

# चालु आवको ९ महिनामा १ खर्ब ७७ अर्ब बढि राजस्व संकलन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको ९ महिनामा १ खर्ब ७७ अर्ब ६६ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।
कार्यालयले गत आवको ९ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने १६ अर्ब २० करोड रुपैयाँ अर्थात् १० प्रतिशत बढी राजस्व सङ्कलन गरेको हो ।
वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगंज भन्सार कार्यालयले चालु आवको ९ महिनामा लक्ष्यको ८९ प्रतिशत राजस्व सङ्कलन गरेको बताए । भन्सार विभागले कार्यालयका लागि चालु आवको ९ महिनामा भने १ खर्ब ९९ अर्ब ३४ करोड रुपैयाँ लक्ष्य निर्धारण गरेको थियो ।
भन्सार विभागले वीरगंज भन्सार कार्यालयलाई वर्षभरिमा २ खर्ब ७३ अर्ब ३९ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो । तर, चालु आवको ९ महिनामा कुल वार्षिक लक्ष्यको ६५ प्रतिशत मात्रै राजस्व सङ्कलन हुन सकेको छ ।

# लागुऔषध गाँजासहित चारजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्साले लागुऔषध गाँजा सहित चारजना भारतीय नागरिकलाई पक्राउ गरेको छ। सोमबार बिहान करिब ८ः२० बजे वीरगंज महानगरपालिका वडा नं. १६ शंकराचार्य गेट स्थित क्षेत्रमा प्रहरी चौकी इनर्वाबाट खटिएको नियमित चेकिङ टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो।
प्रहरीका अनुसार भारतबाट नेपालतर्फ र नेपालबाट भारततर्फ आवतजावत गर्ने पैदल यात्री तथा सवारी साधन चेकजाँच गर्ने क्रममा वीरगंजबाट रक्सौलतर्फ पैदल जाँदै गरेका चार जनामाथि शंका लागेपछि खानतलासी गरिएको थियो । सो क्रममा उनीहरूले शरीरको पेट तथा छाती भागमा रातो प्लास्टिकमा खैरो डोरीले बेरी लुकाएर राखेको गाँजा जस्तो देखिने पदार्थ फेला परेको प्रहरीले जनाएको छ।
पक्राउ पर्नेहरूमा भारत, बिहार पश्चिम चम्पारण जिल्लाका ३५ वर्षीय सफि अहम्द, ३३ वर्षीय विनय ठाकुर, ३० वर्षीय मुकिम मियाँ र २८ वर्षीय महम्द एकवाल रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतले जानकारी दिए।
उनीहरूको साथबाट प्लास्टिक बाहेक करिब ६ केजी १८ ग्राम गाँजा जस्तो देखिने पदार्थ बरामद गरिएको छ । पक्राउ परेकाहरूलाई नियन्त्रणमा लिएर लागुऔषध सम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

# अवैध कटुवा पेस्तोलसहित एक पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको बौधिमाई नगरपालिकाबाट प्रहरीले अवैध कटुवा पेस्तोल र मोबाइलसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ ।|
पक्राउ पर्नेमा भारतको बिहार राज्य, पूर्वी चम्पारण जिल्ला मौवाह ग्राम पञ्चायतका २० वर्षीय सूर्य कुमार दास रहेका छन् ।
जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले उनलाई बौधिमाई नगरपालिका वडा नं. ७ स्थित बंकुलमा रहेको मा ईँटा उद्योग नजिकैबाट पक्राउ गरेको हो ।
हिजो साँझ शङ्कास्पद अवस्थामा फेला परेका दासलाई खानतलासी गर्दा उनले लगाएको पाइन्टभित्र लुकाई राखेको अवस्थामा १ थान कटुवा पेस्तोल बरामद भएको प्रहरीले जनाएको छ । पेस्तोलका साथै उनको साथबाट एउटा ओप्पो कम्पनीको मोबाइल र दुई वटा भारतीय सिम कार्ड समेत फेला परेको प्रहरीले जनाएको छ ।

# अनसनमा बसेका कर्णको अवस्थाबारे मानवअधिकारको चासो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
शिक्षा सुधार तथा अर्थतन्त्रको लागत घटाउने आफ्नो मागसहित आमरण अनसनमा बसेका जनकपुरधाम १० धर्मेन्द्र कर्णको अवस्था बारे राष्ट्रिय मानव अधिकार आयोग मधेश कार्यालयको टोलीले निरिक्षण गरेको छ।
राष्ट्रिय मानव अधिकार आयोग मधेशको प्रमुख बुद्धनारायण सहनीको नेतृत्वमा पुगेको टोलीले विगत ३ दिनदेखि आमरण अनसनमा बसेका कर्णको माग तथा उनको स्वास्थ्य अवस्था बारे जानकारी लिएको हो । कर्णले उठाउँदै आईरहेका माग सम्बोधन तथा उनले प्रशासनमा बुझाएको ज्ञापन पत्र दर्ता गर्ने प्रकृया अगाडि बढाएर उनले शुरु गरेको आमरण अनसन तोडाउने तर्फ अग्रसर हुनुपर्नेमा जोड दिए।
कर्णले शिक्षा सुधार तथा अर्थतन्त्रको लागत घटाउने आफ्नो पहलप्रति सरकारले देखाएको उदासिनताको विरोधमा ३ दिन अगाडि आमरण अनसनमा बसेका थिए । कर्णले लामो समयदेखि ‘गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै लागत घटाउने शिक्षण विधि’ लागू गराउन संघीय सरकार र मधेश प्रदेश सरकारसमक्ष पटक–पटक निवेदन दिएको भएपनि कुनै सुनुवाइ नभएको आरोप लगाउँदै आएका छन्।

# लागुऔषधसहित भारतीय युवक पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले ठुलो परिमाणमा लागु औषध सहित एक जना भारतीय युवकलाई पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा वितेको आइतवार राती १० बजेको समयमा वीरगंजको एक होटलबाट तीस हजार पिस लागु औषध सहित भारतीय युवकलाई प्रहरीले पक्राउ गरेको हो ।
पक्राउ पर्ने भारत विहार मोतिहारी जिल्ला भेलाहीं घर बताउने २० बर्षिय सागर कुमार पटेल हुन् । पटेललाई वीरगंज महानगरपालिका वडा नं.८ लिंक रोड स्थित समर होटल एण्ड लजबो कोठा नं. १०५ बाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्त प्रहरी नायव उपरिक्षक हरिबहादुर बस्नेतले जानकारी गराएका छन् । उनको साथबाट प्रतिबन्धीत लागु औषध ट्रमाडोल ट्याब्लेट तीन हजार पत्ता अर्थात तीस हजार पीस बरामद भएको बस्नेतले बताए ।
पक्राउ परेका युवकबाट अनुसन्धानको क्रममा अरु पनि सञ्जाल खुल्न सक्ने हुँदा सार्वजनिक गर्न केही विलम्ब भएको प्रवक्ता बस्नेतले बताएका छन् ।

# हँसपुरको रमनगरामा निःशुल्क आँखा शिविर



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको हँसपुर नगरपालिका ८ रमनगरामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । बुधबार सत्यकबिर आश्रम हँसपुरको आयोजनामा भएको आँखा शिविरमा सयभन्दा बढी व्यक्तिले निःशुल्क आँखा जाँच गराएका छन् । आँखा जाँच गराएका मध्ये २९ जनामा मोतियाबिन्दुको समस्या पाइएको थियो । मोतियाबिन्दुको समस्या पाएका बिरामीहरुको शल्यकृया जनकपुरधामस्थित जानकी आँखा अस्पतालमा बिहिबार हुने जनाइएको छ।
आँखा शिविरमा हँसपुर नगरपालिकाका पूर्व नगरप्रमुख रामज्ञान मण्डल, समाजसेवी राजकुमार दास, आश्रमका पदाधिकारीहरु तथा सल्लाहकारहरुको सहभागिता रहेको थियो।

# राजस्वमा वृद्धि भएपनि लक्ष्यभन्दा धेरै पछाडि वीरगंज महानगर

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले चालू आर्थिक वर्ष २०८२/८३ को पहिलो ९ महिनामा ४३ करोड ७४ लाख रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको जनाएको छ । साउनदेखि चैतसम्मको अवधिमा विभिन्न शीर्षकबाट कुल ४३ करोड ७४ लाख ३६ हजार ५४५ रुपैयाँ उठेको राजस्व महाशाखा प्रमुख मनोज कर्णले जानकारी दिए।
गत आर्थिक वर्ष २०८१/८२ को यही अवधिमा भने महानगरले ३७ करोड ३३ लाख २९ हजार ३७६ रुपैयाँ मात्रै संकलन गरेको थियो। यस आधारमा चालू वर्षमा करिब ६ करोड रुपैयाँ बढी राजस्व उठेको देखिन्छ । तर, लक्ष्यको तुलनामा संकलन सन्तोषजनक भने छैन ।




महानगरपालिकाले यस वर्षका लागि १ अर्ब ९० करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य राखे पनि ९ महिनामा सो लक्ष्यको २५ प्रतिशतभन्दा कम मात्रै प्राप्त भएको कर्णले बताए। यसले वार्षिक लक्ष्य हासिल गर्न कठिनाइ हुने संकेत देखिएको उनको भनाइ छ। यसअघि गत आर्थिक वर्षमा १ अर्ब ६० करोड रुपैयाँ संकलन गर्ने लक्ष्य राखिएको भए पनि वर्षको अन्त्यसम्म ६५ करोड रुपैयाँ मात्र राजस्व उठाउन सकेको थियो, जसले लक्ष्य र उपलब्धिबीचको ठूलो अन्तरलाई देखाउँछ।

## सम्पादकीय

# मधेशमा प्रहरीको 'अडियो आतंक' र साख जोगाउने चुनौती

मधेश प्रदेशमा पछिल्लो समय सार्वजनिक भएका श्रृंखलाबद्ध अडियो प्रकरण र प्रहरी अधिकृतहरूबीचको आन्तरिक द्वन्द्वले सुरक्षा निकायको व्यावसायिकतामाथि गम्भीर प्रश्न उठाएको छ । सई सागर शमशेर राणाले 'फेक अडियो' बनाएर आफ्नै संगठनका माथिल्लो तहका अधिकृतहरूलाई बदनाम गराउन खोजेको आरोपदेखि सप्तरीका एसपी गौतम कुमार केसीले सर्वसाधारणलाई गालीगलौज र धम्की दिएको अडियो सार्वजनिक हुनुले प्रहरीभित्रको अनुशासनहीनतालाई सतहमा ल्याएको छ । यति मात्र होइन, धनुषाका एसपी रुगम कुँवरले डिआइजी गोविन्द थपलियाको चर्को दबाब झेल्न नसकी अचेत भएर ढल्नुपर्ने अवस्था सिर्जना हुनुले संगठनभित्रको कार्यशैली र कमाण्ड कन्ट्रोल कति त्रुटिपूर्ण छ भन्ने स्पष्ट पार्छ। यी घटनाहरू व्यक्तिगत कमजोरी मात्र नभई प्रहरी प्रशासनभित्र जरा गाडेर बसेको संस्थागत विचलनका उपज हुन्।

प्रहरीभित्रको यो 'अडियो आतंक' र शक्ति संघर्षले अपराधीहरूलाई फाइदा पुगिरहेको छ भने आम नागरिकको सुरक्षा र न्यायमाथिको भरोसा टुट्दै गएको छ। सिपाहीदेखि डिआइजीसम्मका नामहरू विवादमा मुछिनु र अपराधजन्य कारोबारमा प्रहरीकै संलग्नताका आशंकाहरू बाहिरिनु लोकतान्त्रिक राज्यका लागि लज्जास्पद विषय हो । जब सुरक्षाकर्मीहरू नै एकअर्कालाई सिध्याउने खेलमा लाग्छन् र राजनीतिक वा आर्थिक स्वार्थका लागि शक्तिको दुरुपयोग गर्छन्, तब समाजमा कानूनी राज्यको उपहास हुन्छ। मधेशमा देखिएको यो प्रवृत्तिले प्रहरीको चेन अफ कमाण्डलाई मात्र भत्काएको छैन, बरु संगठनलाई नै एउटा गुटबन्दी र स्वार्थ समूहको अखडा बनाउने जोखिम बढाएको छ।

प्रहरी प्रशासनलाई यो दलदलबाट मुक्त गर्न तत्कालै कठोर सुधारात्मक कदमहरू चाल्न आवश्यक छ। सबैभन्दा पहिले, सार्वजनिक भएका सबै अडियो र घटनाहरूको उच्चस्तरीय र निष्पक्ष छानबिन गरी दोषी देखिएका जोसुकैलाई पनि पदको गरिमा अनुसारको कडा कारबाही गरिनुपर्छ । सईदेखि डिआइजीसम्मका अधिकारीहरूलाई राजनीतिक संरक्षणका आधारमा उन्मुक्ति दिने परिपाटीको अन्त्य हुनुपर्छ । संगठनभित्रको आन्तरिक कलह र दबाबमूलक कार्यशैलीलाई निरुत्साहित गर्दै व्यावसायिक र मर्यादित कार्यवातावरण निर्माण गर्नु आजको प्राथमिकता हुनुपर्छ।

दोस्रो, सरुवा र बढुवाको प्रणालीलाई पूर्ण रूपमा पारदर्शी र कार्यसम्पादनमा आधारित बनाइनुपर्छ । मधेश जस्तो संवेदनशील क्षेत्रमा खटिने प्रहरी अधिकृतहरूलाई राजनीतिक प्रभावबाट मुक्त राख्न सके मात्र अपराधजन्य कारोबार र आर्थिक प्रलोभनको जालो तोड्न सकिन्छ। प्रहरी प्रधान कार्यालयले आफ्ना मातहतका निकायहरूको नियमित अनुगमन र 'इन्टेलिजेन्स' परिचालन गरी गलत नियत भएका कर्मचारीहरूलाई बेलैमा पहिचान गरी कारबाहीको दायरामा ल्याउनुपर्छ। प्रविधिको दुरुपयोग गरी 'फेक अडियो' बनाउने वा सूचना चुहावट गर्ने जस्ता साइबर अपराधमा संलग्न कर्मचारीहरूलाई शून्य सहनशीलताको नीति अपनाइनुपर्छ।

अन्त्यमा, प्रहरीको गुमेको साख फर्काउन 'प्रहरी मेरो साथी' भन्ने नारालाई व्यवहारमा उतार्नुपर्छ । नागरिकसँगको सम्बन्ध सुमधुर बनाउन र उनीहरूको गुनासो सुन्नका लागि प्रभावकारी संयन्त्र निर्माण गरिनुपर्छ। प्रहरी अधिकृतहरूले आफ्नो शक्ति जनतालाई डराउन होइन, बरु अपराधीलाई कानूनको कठघरामा उभ्याउन प्रयोग गर्नुपर्छ। नेतृत्व तहले केवल आदेश दिने मात्र नभई आफ्ना मातहतका कर्मचारीहरूको मनोबल उच्च राख्ने र उनीहरूलाई व्यावसायिक आचरण सिकाउने अभिभावकीय भूमिका निर्वाह गर्नुपर्छ। तब मात्र मधेशमा प्रहरी प्रशासनप्रति गुमेको जनविश्वास पुनर्स्थापित हुन सक्छ र वास्तविक अर्थमा शान्ति सुरक्षा कायम हुन सक्छ।

# खुला सिमाना, कडा भन्सार: मधेशमाथि अन्याय किन?

**–मनिषकुमार मण्डल**

नेपाल–भारतबीच सन् १९५० मा सम्पन्न शान्ति तथा मैत्री सन्धिले दुई देशबीचको ऐतिहासिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई संस्थागत ग¥यो । खुला सिमाना त्यस सन्धिको मूल आत्मा हो—जहाँ दुबै देशका नागरिकलाई आवतजावत, रोजगारी, व्यापार र सामाजिक सम्बन्धमा सहजता प्रदान गर्ने उद्देश्य राखिएको छ । यही सहजताले 'बेटी–रोटी'को सम्बन्धलाई अझ बलियो बनाएको छ, जसले सीमावर्ती समुदायको जीवनशैलीलाई परिभाषित गरेको छ।

तर हालै सरकारले रु १०० भन्दा बढीको सामान ल्याउँदा भन्सार तिर्नुपर्ने कडा निर्णय लागू गरेपछि यही खुला सिमानाको मर्ममाथि प्रश्न उठेको छ । कागजमा यो नीति राजस्व वृद्धि र अवैध व्यापार नियन्त्रणका लागि उचित देखिन सक्छ, तर व्यवहारमा यसको प्रत्यक्ष मार सीमावर्ती क्षेत्रका श्रमजीवी र सर्वसाधारणमा परेको छ—विशेषतः मधेशमा।

मधेशका नागरिकहरू दैनिक उपभोग्य सामग्रीका लागि भारतीय बजारमा निर्भर छन्। सानो परिमाणमा किनमेल गरेर ल्याउनु उनीहरूको दैनिकी हो, विलासिता होइन। यस्तो अवस्थामा रु १०० को सीमा तोक्नु यथार्थभन्दा टाढाको निर्णय जस्तो देखिन्छ। यसले गरिब र निम्न–आय वर्गलाई झन् आर्थिक बोझमा पार्नेछ।

राज्यका लागि कर उठाउनु आवश्यक छ, तर करको भार कसको काँधमा राख्ने भन्ने प्रश्न अझ महत्वपूर्ण हुन्छ। जब देश आफैं उत्पादन र आपूर्तिमा आत्मनिर्भर छैन, त्यतिबेला सर्वसाधारणमाथि करको थप बोझ थोपर्नु न्यायसंगत हुँदैन । बरु राज्यले आन्तरिक उत्पादन वृद्धि, रोजगारी सृजना र बजार सुदृढीकरणमा ध्यान दिनुपर्छ। नागरिक आत्मनिर्भर भएपछि मात्र कर प्रणाली कडाइका साथ लागू गर्नु उपयुक्त हुन्छ।

यस निर्णयको अर्को पाटो अझ संवेदनशील छ—क्षेत्रीय असमानता। रसुवा जिल्लाका बासिन्दाले चीनसँगको नाका हुँदै 'पास कार्ड' प्रयोग गरेर केरुङबाट सहज रूपमा सामान ल्याउन पाउँछन्। तर मधेशका नागरिकले नजिकैको भारतीय बजारबाट सानो परिमाणको सामान ल्याउँदा पनि कडाइ भोग्नुपरेको छ। एउटै देशका नागरिकबीच यस्तो फरक व्यवहार हुनु नीतिगत असन्तुलन मात्र होइन, राज्यले आफ्नै नागरिकलाई दुई वर्गमा विभाजन गरेको संकेत हो।

सरकारको तर्क तस्करी नियन्त्रण हुन सक्छ । वास्तवमा विगतमा सर्वसाधारणको आवरणमा विचौलियाहरूले भन्सार छली गर्ने, प्रशासन र सुरक्षाकर्मीको मिलेमतोमा अवैध कारोबार हुने समस्या थियो। तर यसको समाधान सर्वसाधारणलाई सास्ती दिनु होइन, बरु तस्कर र कर छल्ने गिरोहलाई पहिचान गरी कडा कारबाही गर्नु हो । राज्यको संयन्त्र कमजोर हुँदा नागरिकलाई सजाय दिनु न्यायको सिद्धान्तविपरीत हुन्छ।

दार्शनिक दृष्टिले पनि कुनै कानून समाजअनुकूल र व्यवहारिक हुनुपर्छ। कार्यान्वयन नै हुन नसक्ने वा जनजीवनसँग मेल नखाने कानून औचित्यहीन हुन्छ । हाम्रो समाजमा यस्ता धेरै उदाहरण छन् जहाँ कानून बने पनि व्यवहारमा लागू हुन सकेका छैनन् । त्यसैले नीतिनिर्माणमा यथार्थपरकता अपरिहार्य हुन्छ ।जहिले पनि राज्य जनता निम्ति हुन्छ । जनता राज्यका हैन।राज्यले जनतालाई हेरचाह गर्ने पर्ने हुन्छ।

नेपालमा श्रमजीवी तथा न्यून आय भएका परिवारहरूको दैनिक जीवनयापन दिनप्रतिदिन जटिल बन्दै गएको छ । हालको अवस्थामा एक सामान्य परिवारले दैनिक उपभोग्य खाद्य सामग्री खरिद गर्न मात्र नेपाली बजारमा करिब १००० देखि १५०० रुपैयाँसम्म खर्च गर्नुपर्ने बाध्यता छ । यस्तो आर्थिक दबाबले गर्दा धेरै परिवारहरू आधारभूत आवश्यकताहरू पूर्ति गर्न संघर्षरत छन्।

तर, नेपालको सीमावर्ती क्षेत्रका सर्वसाधारण नागरिकहरूका लागि अवस्था केही फरक देखिन्छ । भारतसँग सिमाना जोडिएका क्षेत्रहरूमा बसोबास गर्ने मानिसहरूले भारतीय बजारबाट सस्तो मूल्यमा खाद्य सामग्री ल्याएर दैनिक जीवनयापन गर्न सकिरहेका छन्। त्यहाँ करिब ५०० रुपैयाँमै एक दिनको आवश्यक सामग्री उपलब्ध हुने अवस्था छ, जसले नेपाली बजारको महँगीसँग स्पष्ट अन्तर देखाउँछ।

यस सन्दर्भमा अझ विडम्बनापूर्ण अवस्था कृषकहरूको छ । खेतीपातीको मुख्य सिजनमा आवश्यक पर्ने मलखाद भारतमा करिब ५०० रुपैयाँमा पाइने भए पनि नेपालमा सोही सामग्रीको मूल्य २५०० रुपैयाँसम्म पुग्ने गरेको छ । यस्तो असमान मूल्य संरचनाले किसानहरूलाई प्रत्यक्ष रूपमा आर्थिक मारमा पारिरहेको छ र कृषि उत्पादनमा समेत नकारात्मक असर पारिरहेको छ। यी तथ्यहरूले नेपाली बजार व्यवस्थापनमा गम्भीर समस्या रहेको संकेत गर्छन् । आपूर्ति प्रणाली, मूल्य नियन्त्रण, र सीमा व्यवस्थापनका क्षेत्रमा देखिएका कमजोरीहरूले उपभोक्ता र उत्पादक दुवैलाई प्रभावित बनाइरहेका छन् । सरकारको प्राथमिकता अब स्पष्ट रूपमा बजार स्थिरता र मूल्य नियन्त्रणतर्फ केन्द्रित हुनुपर्छ।

जनताको अपेक्षा छ कि सरकार तत्काल प्रभावकारी नीति तथा निर्णयहरू लागू गरी दैनिक उपभोग्य वस्तुहरूको मूल्य नियन्त्रणमा ल्याओस्, कालोबजारी र कृत्रिम अभावलाई रोकियोस्, र सीमावर्ती व्यापारको सन्तुलन कायम गरियोस् । यस्ता कदमहरू ढिलो भएमा जनताको दैनिक जीवनमा पर्ने असर अझ गम्भीर बन्ने निश्चित छ । समग्र आर्थिक स्थायित्व र जनताको जीवनस्तर सुधारका लागि बजार व्यवस्थापनलाई उच्च प्राथमिकता दिनु अपरिहार्य भइसकेको छ। सरकार, निजी क्षेत्र, र सरोकारवाला निकायहरूबीच समन्वयात्मक प्रयासमार्फत मात्र यस समस्याको दीर्घकालीन समाधान सम्भव छ।

आजको सन्दर्भमा, रु १०० को भन्सार सीमा तत्काल खारेज गर्नु उपयुक्त देखिन्छ । सरकारसँग अवसर छ—नीतिलाई पुनरावलोकन गर्ने, सीमावर्ती जनताको आवाज सुन्ने, र समान व्यवहार सुनिश्चित गर्ने । दीर्घकालमा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्दै, सामाजिक मूल्य–मान्यता र स्थानीय वास्तविकतालाई ध्यानमा राखेर मात्र यस्ता नीति लागू गरिनुपर्छ। खुला सिमाना केवल भौगोलिक व्यवस्था होइन, यो विश्वास, सम्बन्ध र सहअस्तित्वको प्रतीक हो । त्यसैले नीतिले त्यो विश्वासलाई कमजोर होइन, अझ सुदृढ बनाउने दिशामा अघि बढ्नुपर्छ।

# 'खस सभ्यताको गौरवदेखि कारुणिक सङ्घर्षसम्मको महागाथा'

**नवीन रिजाल/रासस**

'यो नाटक हिजोदेखि आजसम्मको कर्णालीको पीडा र व्यथाको जीवन्त दस्तावेज हो । जतिबेला सूचना र सञ्चारको कुनै पहुँच थिएन, परदेशिएका मानिसहरू वर्षमा चैत १२ गतेसम्म घर नफर्किए उनीहरूको मृत्यु भइसक्यो भनेर काजकिरिया गर्ने प्रचलन थियो। यो नाटकले कर्णालीको त्यही आर्थिक, सामाजिक र राजनीतिक अवस्थालाई ऐनामा अनुहार देखाए जस्तै गरी देखाएको छ।'

जुम्ला कनकसुन्दरी गाउँपालिका–५ का कलाकार एवम् संस्कृतिकर्मी भीमबहादुर बुढाले जब यी शब्दहरू नौमूलेको मञ्चमा बोल्नुभयो तब उपस्थित हजारौँ दर्शकका आँखा रसाए । कर्णालीको त्यो कालखण्ड, जहाँ भोक र रोगसँगै 'पर्खाइ'को असीम पीडा थियो, त्यसलाई भीमबहादुरले आफ्नो नाटकको माध्यमबाट ऐना' झैँ छर्लङ्ग पारिदिनुभयो। यो केवल एउटा नाटक थिएन, यो त कर्णालीको आत्माको रोदन थियो।

खस साम्राज्यको गौरवशाली इतिहास बोकेको यो माटो कसरी समयको थिचोमिचोमा परेर अभाव र वियोगको पर्याय बन्यो भन्ने दृश्यले नौमूलेको सुक्खा हावामा पनि चिसोपन भरिदियो । भीमबहादुरले नाटकमा देखाए जस्तै चैतको १२ गतेसम्म बाटो हेर्दाहेर्दै नफर्किएका छोरा, श्रीमान् वा बाबुको 'काजकिरिया' गर्ने त्यो विवश परम्पराले कर्णालीको कारुणिक भोगाइलाई विश्वसामु हिजोका दिनहरु कस्ता थिए भन्ने कुरालाई छर्लङ्ग पारिदिएको छ। यो सभ्यताको सङ्घर्ष र सम्भावनाको एउटा यस्तो सङ्गम बन्यो, जसले सुन्ने र देख्ने जो कोहीलाई भावुक मात्र बनाएन, कर्णालीलाई हेर्ने दृष्टिकोण नै बदलिदियो तर कर्णालीको अवस्थामा खासै त्यति धेरै परिर्वतन आजसम्म आउँदा पनि देखिएको छैन।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नृत्य विभागद्वारा नेपाली लोक संस्कृतिको संरक्षण, संवद्र्धन तथा प्रवद्र्धन गर्ने उद्देश्यले यही वैशाख ४ र ५ गते दैलेखको नौमूले गाउँपालिकामा 'कर्णाली लोकनृत्य एवम् सांस्कृतिक सम्मेलन–२०८३' आयोजना गरिएको हो । यस ऐतिहासिक महाकुम्भमा कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट मौलिक लोकनृत्य तथा सांस्कृतिक समूहको उल्लेखनीय सहभागिता रहेको थियो।

यही वैचारिक मन्थनको बीचमा अनुसन्धानकर्ता, लेखक एवम् साहित्यकार राजबहादुर कुँवरले 'कर्णालीका लोकनाच' शीर्षकको एउटा गहन र विस्तृत कार्यपत्र प्रस्तुत गर्नुभयो। कुँवरको कार्यपत्र कुनै सामान्य प्रतिवेदन थिएन, यो त कर्णालीको लोककलाको 'हृदय' छाम्ने एउटा प्राज्ञिक दस्तावेज थियो । उहाँले कार्यपत्रमा कर्णालीका लोकनृत्यहरू केवल मनोरञ्जनका साधन मात्र होइनन्, ती त मानव सभ्यताका आदिम खुसी र रोदनका प्रतिविम्ब हुन् भन्ने कुरालाई प्रस्टसँग उल्लेख गर्नुभएको छ।

कुँवर भन्नुहुन्छ, 'हाम्रो कर्णालीमा धामी र झाँसे जस्ता मुक्त शैलीका नाचहरू छन्, जसले मानिसको आध्यात्मिक विश्वासलाई जोगाएका छन् । सोरठी र मयूर जस्ता अत्यन्त अनुशासित र लास्य शैलीका नृत्यहरू छन्, जसले सौन्दर्य र अनुशासनको शिक्षा दिन्छन् । त्यस्तै, ढाल–तरबार जस्ता वीरगाथा बोकेका रौद्र नृत्यहरूले हाम्रा पूर्खाको वीरताको गाथा गाउँछन्।'

उहाँले भरत मुनिको नाट्यशास्त्रको सन्दर्भ जोड्दै कर्णालीका लोकनाचमा पाइने शास्त्रीयताको समेत व्याख्या गर्नुभयो। सारङ्गीको मसिनो स्वर (तत), बाँसुरीको सुसेली, दमाहाको गड्याङगुडुङ र भ्यालीको ट्याङट्याङ धुनसहित वाद्य यन्त्रहरूको अनुपम संयोजनले कर्णालीको कलालाई विश्वकै उत्कृष्ट कलाको सूचीमा राख्न सकिने उहाँको तर्क थियो। कुँवरले चेतावनी दिँदै भन्नुभयो, 'अहिले लोप हुँदै गएको यो संस्कृतिलाई संरक्षण गरेर संसारभर फैलाउन सके मात्र कर्णालीलाई सही अर्थमा चिनाउन सकिन्छ।'

कार्यपत्रमाथि टिप्पणी गर्दै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य डा. मधुसूदन गिरीले एउटा गहिरो र मार्मिक विश्लेषण राख्नुभयो। उहाँले भन्नुभयो, 'किताबमा पढेर मात्र पूर्ण ज्ञान प्राप्त हुँदैन। वास्तविक ज्ञान हासिल गर्न त समाजलाई नै पढ्नुपर्छ । कर्णाली मूर्त र अमूर्त सम्पदाको यस्तो खानी हो, जहाँको हरेक टोल र वडामा एउटा जीवित सङ्ग्रहालय छ ।' उहाँका अनुसार 'मूर्त' भनेको आँखाले देखिने सम्पदा हुन् भने 'अमूर्त' भनेको कर्णालीको समाजमा पुस्तौँदेखि लुकेर रहेको प्रतिभा, सीप र कला हुन्।

डा. गिरीले कर्णालीका अमूल्य सम्पदाहरू देउडा, हुड्के, मारुनी, ढाल–तरबार, सिङ्गारु, लहरे सोरठी, भुओ, चम्पा, खाँडो, सारङ्गे मयूर नाच, झाम्रे, छोक्रा, सखिया र भोटे–लामा नृत्यहरूको सूची प्रस्तुत गर्दै यी सबै कलाहरू अहिले लोप हुने खतरामा रहेको औँल्याउनुभयो। उहाँले भन्नुभयो, 'हाम्रा बाजे–बराजुले जोगाएको यो नासोलाई नयाँ पुस्तामा पुस्तान्तरण नगर्ने हो भने हामी आफ्नो पहिचान गुमाएका फिरन्ते बन्नेछौँ ।' प्रतिष्ठानको ऐतिहासिक पृष्ठभूमि जोड्दै उहाँले २०१४ असार ९ मा स्थापित प्रज्ञा प्रतिष्ठानले गणतन्त्रपछि मात्रै कर्णालीको दुर्गम नौमूले जस्तो विकट स्थानमा आएर स्थानीय स्रष्टाको पसिना पुछ्ने मौका पाएको बताउनुभयो।

प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य तथा चर्चित लोकगायिका टीका पुनले कर्णालीको सांस्कृतिक संरक्षणका लागि यस्तो कार्यपत्र र मन्थन धेरै अघि नै आउनुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, 'कर्णाली कला र संस्कृतिको खानी हो । अहिले नौमूले जस्तो कला–प्रतिभाले धनी पालिकामा यो कार्यक्रम हुँदा यहाँका बासिन्दालाई मैले निकै भाग्यमानी ठानेको छु । यो अभियानलाई अब प्रदेशका हरेक पालिका, वडा र टोल–टोलसम्म पु¥याउनुपर्छ।'

कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले दैलेखमा मात्रै ४३ प्रकारका अमूर्त सांस्कृतिक सम्पदाहरू अझै जीवित रहेको बताउनुभयो । मन्त्री भण्डारीले भन्नुभयो, 'गीत–सङ्गीतले मानिसको आन्तरिक भावनालाई मात्र बाहिर ल्याउँदैन, यसले त विश्वभर रहेका नेपालीलाई पनि कर्णालीको माटोसँग जोड्ने काम गरेको छ। प्रदेश सरकार यी अमूल्य सम्पदाको संरक्षणमा कुनै कसर बाँकी राख्ने छैन ।' नौमूले गाउँपालिकाका अध्यक्ष छवि सुवेदीले भौतिक पूर्वाधारसँगै कला, संस्कृति र चेतनाको विकास नै वास्तविक विकास रहेको उल्लेख गर्नुभयो।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा कार्यक्रम संयोजक एवम् प्राज्ञ बखतबहादुर हमाल 'सुवर्ण' ले नौमूलेमा कार्यक्रम आयोजना गर्दाका चुनौतीलाई सम्झँदै भन्नुभयो, 'सदरमुकामले हाम्रो महत्व बुझ्न सकेन तर जनजातिको बस्ती र प्रतिभाको खानी रहेको नौमूलेमा सिङ्गो कर्णालीका प्रतिभाहरू ज¥याकजुरुक उठेर नाचेको देख्दा यो एउटा कोसेढुङ्गा साबित भएको महसुस भएको छ।'

अर्का प्राज्ञ परिषद् सदस्य कर्णबहादुर गौतम 'विद्रोही' ले संस्कृतिको एकताको शक्तिबारे चर्चा गर्दै भन्नुभयो, 'राजनीतिले मानिसलाई विचारका आधारमा फुटाउने काम गर्छ तर संस्कृतिले सबैलाई एउटै मानवीय र जातीय सूत्रमा जुटाउँछ। यो कार्यक्रमले सिङ्गो कर्णालीलाई सांस्कृतिक रूपमा एकताबद्ध बनाएको छ।'

सङ्गीत विषयमा विद्यावारिधि गर्नुभएका मनबहादुर विकले कर्णालीको सङ्गीतलाई विद्यालयको पाठ्यक्रममै जोड्नुपर्ने र राजी तथा राउटे समुदायका मौलिक कलामाथि अझै गहिरो अनुसन्धान गर्नुपर्ने बताउनुभयो। वरिष्ठ नृत्य निर्देशक कुलमान नेपालीले राज्यले कलाकारको पहिचान र जीविकोपार्जनको सुनिश्चित गर्नुपर्ने र नृत्यलाई स्वास्थ्यसँग जोडेर हेर्नुपर्नेमा जोड दिनुभयो । जाजरकोट कुशे गाउँपालिका–५ का ७३ वर्षीय कलाकार हरिबहादुर सिंहले ३०० वर्ष पुरानो 'खाँडो नाच' को गौरवमय इतिहास सुनाउनुभयो । यो नाच जाजरकोटी, गोर्खाली र तिब्बतका राजाबीचको युद्धमा प्राप्त विजय र रणकौशलको प्रतीक हो । अर्कोतिर मुगुका चन्द्र बढुवालले 'चम्पा नाच' को मार्मिक सन्दर्भ जोड्नुभयो, जहाँ माइतीले दाइजो दिन नसकेपछि एउटी छोरीले गीत र नाचबाटै घर पक्षलाई मनाएर आफ्नो सुख र शान्तिको कामना गर्छिन्।

नौमूले–१ की टीका मगरको नेतृत्वमा रहेको महिला पञ्चेबाजा समूहले यो कार्यक्रममा एउटा नयाँ इतिहास लेख्यो। जनजाति महिलाहरूले बाजा बजाउनु हुँदैन भन्ने सामाजिक बन्धनलाई तोड्दै उनीहरू अहिले व्यावसायिक रूपमा सक्रिय छन्। कार्यक्रममा 'भ्वाइस अफ नेपाल'की विजेता निता थापा मगरसहित स्थापित कलाकारहरू टीका पुन, विनोद विक र सपना शाहीको प्रस्तुतिले नौमूलेको माहोल उत्सवमय बनाएको थियो।

नौमूलेमा यही वैशाख ४ र ५ गते सम्पन्न यो सांस्कृतिक मन्थनले कर्णाली केवल अभावको भूगोल होइन, यो त सभ्यता, कला र वीरताको महा सागर हो भन्ने तथ्यलाई स्पष्ट पारेको छ। भीमबहादुर बुढाको नाटकले जस्तै कर्णालीका दुःख र सङ्घर्षलाई कलाको माध्यमबाट विश्वसामु 'ब्रान्डिङ' गर्नसके यस क्षेत्रको भविष्य उज्यालो हुने निश्चित छ।

# लुम्बिनी प्रदेशसभा बैठकः दलित अधिकारसम्बन्धी विधेयक पारित



**लुम्बिनी ।**
लुम्बिनी प्रदेशसभाले दलितको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मत रूपमा पारित गरेको छ । प्रदेशसभाको सातौँ अधिवेशनअन्तर्गत आज बसेको १४औँ बैठकमा सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिनाले ‘दलितको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिवेदन सहितको विधेयक’ माथि छलफलसहित पारित गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए ।

बैठकमा सभामुख तुलाराम घर्तिमगरले उक्त विधेयक छलफलसहित सर्वसम्मत रूपमा पारित भएको जानकारी गराए ।

कृषि, वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठकले ‘प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक’ माथि समितिको प्रतिवेदन पेस गरे ।

यस्तै, भौतिक पूर्वाधार तथा विकास समितिका सभापति रामजीप्रसाद घिमिरेले समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गरे ।

प्रदेशसभाको मंगलबारको बैठकमा प्रदेशसभा सदस्यहरूले विभिन्न समसामयिक विषय उठाएका छन् । प्रदेशसभा सदस्य भुवनेश्वर चौधरीले जनताको संरक्षण गर्ने राज्यले जनतालाई दुःख दिन नहुने बताउँदै योजना कार्यान्वयन र फरफारक प्रक्रियालाई सहज बनाउनुपर्ने धारणा राखे । उनले विकासका लागि बजेट भए पनि त्यसको प्रभावकारी सदुपयोग हुन नसकेको उल्लेख गरे ।

प्रदेशसभा सदस्य शान्ति लोदले रुपन्देहीको मायाँदेवी क्षेत्रमा नागरिकताको समस्या रहेको विषय उठाइन् । प्रदेशसभा सदस्य निलम पासवानले लुम्बिनी प्रदेशमा पूर्व परासीदेखि तौलिहवा हुँदै बर्दियासम्म यातायात सेवा सञ्चालन गर्न माग गरिन् । साथै सङ्घीय सरकारले भन्सारमा गरेको कडाइले गरिब तथा विपन्न नागरिकको जनजीवन प्रभावित भएको उनको भनाइ थियो ।

प्रदेशसभा सदस्य भगवतीकुमारी थरुनीले इन्धन मूल्यवृद्धिका कारण भान्सादेखि कृषि क्षेत्रसम्म असर परेको भन्दै मूल्यवृद्धि फिर्ता लिन आग्रह गरिन् । प्रदेशसभा सदस्य सुधाकर पाण्डेयले सङ्घीय सरकारको नयाँ भन्सार नीतिका कारण सीमावर्ती क्षेत्रका नागरिक समस्यामा परेको उल्लेख गर्दै विवाह तथा पूजाआजाका सामग्री ल्याउन रोक नलगाउन अनुरोध गरे ।

प्रदेशसभा सदस्य अम्बिका काफ्लेले ई–रिक्सा चालकहरूको समस्या समाधान गर्न माग गरिन् । उनले चालकहरूको शैक्षिक स्तर र लिखित परीक्षा प्रणालीका कारण लाइसेन्स प्राप्त गर्न कठिन भइरहेको बताउँदै धेरै चालक निरक्षर रहेका र लाइसेन्सबिना नै सवारी सञ्चालन गरिरहेको जानकारी दिइन् । उनले मौखिक तथा प्रयोगात्मक परीक्षा प्रणाली लागू गरी लाइसेन्स प्रक्रिया सहज बनाउनुपर्ने माग गरिन् ।

प्रदेशसभा सदस्य रेवती गुरुङले संविधान र कानुनभन्दा माथि कोही नरहेको उल्लेख गर्दै देशलाई अव्यवस्थाबाट जोगाउन सरकार जिम्मेवार हुनुपर्ने बताइन् ।

अर्का प्रदेशसभा सदस्य दिलकुमारी बुढाले डिभिजन कार्यालयहरू प्रदेशप्रति उत्तरदायी हुन नसकेको गुनासो गर्दै जनतालाई सास्ती दिन नहुने धारणा राखिन् ।

यस्तै, अर्का प्रदेशसभा सदस्य वसन्ती न्यौपानेले बजेट तर्जुमा प्रक्रियालाई सरल र प्रभावकारी बनाउन आग्रह गर्दै विगतका कमजोरी नदोहो¥याउन सुझाव दिइन् ।रासस

# धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिका लागि सिफारिस समिति गठन



**काठमाडौँ ।**
सरकारले नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिका लागि तीन सदस्यीय सिफारिस समिति गठन गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले बोर्डको अध्यक्ष नियुक्ति गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्टको संयोकत्वमा तीन सदस्यीय सिफारिस समिति गठन गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले सञ्चारकर्मीलाई जानकारी दिए ।

समितिमा अर्थ मन्त्रालयका सचिव डा धनश्याम उपाध्याय र भुवनकुमार दाहाल सदस्य रहेका छन् । मन्त्रिपरिषद्को बैठकले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको अध्यक्ष पदमा डिल्लीराज आचार्य तथ सदस्यमा नवराज सिम्खडा र रोशनबहादुर शाक्यलाई नियुक्ति गर्ने निर्णय गरेको सञ्चारमन्त्री डा तिमिल्सिनाले बताए । बैठकले नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिएको छ । त्यस्तै, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिने निर्णय पनि बैठकले गरेको छ । मन्त्रिपरिषद्को बैठकले मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिएको छ ।रासस

# तेइस लाख बालकालिकालाई भिटामिन ‘ए’ खुवाइयो

**काठमाडौं ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सञ्चालन गरेको राष्ट्रिय भिटामिन ‘ए’ कार्यक्रमअन्तर्गत करिब २३ लाख लाख बालबालिकालाई भिटामिन ‘ए’ क्याप्सुल खुवाइएको छ ।



यही वैशाख ६ र ७ गते सञ्चालन गरिएको राष्ट्रिय भिटामिन ‘ए’ कार्यक्रमअन्तर्गत ती बालबालिकालाई भिटामिन ‘ए’ र २१ लाख बालबालिकालाई जुकाको औषधि खुवाइएको मन्त्रालयका सूचना अधिकारी डा भक्त केसीले जानकारी दिए । यस्तै आठ लाख बालबालिकालाई बालभिटा खुवाइएको छ ।

देशैभरका छ महिनादेखि देखि ५९ महिनाका बालबालिकालाई भिटामिन ‘ए’ तथा १२ महिनादेखि ५९ महिनाका बालबालिकालाई जुकाको औषधि र छ महिनादेखि २३ महिनाका बालबालिकालाई बालभिटा खुवाइएको थियो ।

आँखाको दृष्टिलाई जोगाउने, रोग प्रतिरोधात्मक क्षमता बढाउने, कुपोषण कम गर्ने र बालमृत्युदर घटाउने सरकारले बालबालिकालाई भिटामिन ‘ए’, जुकाको औषधि र बालभिटा खुवाउने गरेको छ । राष्ट्रिय भिटामिन ‘ए’ कार्यक्रममा करिब ५० हजार जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा १५ हजार स्थानीय तहका स्वास्थ्यकर्मी खटिएका थिए । सरकारले हरेक आर्थिक वर्षको कात्तिक र वैशाखमा राष्ट्रिय भिटामिन ‘ए’ कार्यक्रम २०५९ सालदेखि र जुकाको औषधि खुवाउने कार्यक्रम २०६७ सालदेखि सञ्चालन गर्दै आइरहेको छ ।रासस

# सरकारी सेवा प्रवाह अझ प्रभावकारी बनाउनुपर्छः प्रम



**काठमाडौँ ।**
प्रधानमन्त्री वालेन्द्र शाहले राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानजस्ता निकायहरूलाई खारेज गर्नुको सट्टा सुधारमार्फत सुदृढ बनाई सरकारको सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने स्पष्ट पारेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोगका पदाधिकारी तथा कर्मचारीहरूसँग भएको छलफलमा प्रधानमन्त्री शाहले योजना निर्माण र नीतिगत अनुसन्धान व्यवस्थित भएमा मात्र सरकारलाई सेवा प्रवाहमा सहजता मिल्ने बताएका छन् । यी निकायहरूलाई सुधार गर्न सके सरकार सञ्चालनमा ठूलो सहयोग पुग्नेछ, उनले भने ।

नीति अनुसन्धान प्रतिष्ठानका सन्दर्भमा उनले भने, विषय विज्ञ र अनुसन्धानकर्ताको महत्त्व कति रहन्छ भन्ने हामीलाई थाह छ । हामीलाई यस्तो उत्कृष्ट विज्ञता चाहिएको हो, जसले जनप्रतिनिधिले भन्दा पनि गहिरो अध्ययन र दूरगामी सोच प्रस्तुत गर्न सकून् । सरकारले विज्ञहरूको प्राज्ञिक कार्यलाई पूर्ण रूपमा ग्रहण गर्नेछ ।

प्रधानमन्त्री शाहले कुनै पनि बहानाबाजी नगरी बिना सङ्कोच नतिजा निकाल्ने गरी काम गर्न दुवै निकायलाई निर्देशन दिएका छन् । कुनै पनि कार्य सम्पादन गर्दा ठोस योजना र सजग कार्यान्वयन आवश्यक हुन्छ ।

विकासमा विषय विज्ञको भूमिका अतुलनीय हुन्छ, यो तथ्यलाई आत्मसात् गरेर अघि बढ्नुस्, उनले भने ।

मन्त्रालयहरूबीच समन्वय नभएको भन्ने तर्क स्वीकार्य नहुने स्पष्ट पार्दै उनले एउटै सरकार मातहत त्यस्तो समस्या हुन नहुने बताएका छन् । साथै, बजेट र कानुनी जटिलतालाई काम नगर्ने बहानाका रूपमा प्रयोग नगर्न उनले सचेत गराएका छन् । प्रभावकारी अध्ययन र अनुसन्धानबाट मात्रै परिणाम सम्भव छ । पुराना नीति र ऐनकै भरमा ५० वर्षसम्म काम त चलाउन सकिएला तर सुधार नगरेसम्म देश समृद्ध हुन सक्दैन, प्रधानमन्त्रीको कथन थियो ।

सो अवसरमा अर्थमन्त्री स्वर्णिम वाग्लेले वर्तमान समयलाई सुधारको स्वर्णिम अवसरका रूपमा लिनुपर्ने र उच्च राजनीतिक प्रतिबद्धताअनुसार काम अघि बढ्ने बताउनुभयो । उहाँले विज्ञहरूको ज्ञानलाई सरकारी नीति, कार्यक्रम र बजेटमा रूपान्तरण गर्न निर्देशन दिएका छन् । स्पष्ट लक्ष्य, पर्याप्त बजेट, तोकिएको जिम्मेवारी र मापनयोग्य परिणामसहितका प्रस्तावहरू सम्बन्धित मन्त्रालयमार्फत ल्याउनुपर्नेमा उनको विशेष जोड थियो ।

अर्थमन्त्री वाग्लेले विद्यमान संस्थागत संरचनाको सुदृढीकरण, अप्रासङ्गिक प्रावधानहरूको खारेजी र नयाँ आवश्यकताअनुसार नीति विकास गर्ने प्रक्रिया थालनी गरिने जानकारी दिएका छन । उनले नवप्रवर्तनात्मक कार्यक्रमहरूलाई ‘पाइलट प्रोजेक्ट’ का रूपमा सुरु गरी सफल भएपछि राष्ट्रिय स्तरमा विस्तार गर्ने रणनीतिबारे समेत चर्चा गरे ।

छलफलका क्रममा आयोगका पदाधिकारीहरूले आफ्नो क्षेत्रको कार्य प्रगति, चुनौती र बजेटको अवस्थाबारे प्रधानमन्त्रीसमक्ष ‘बिफ्रिङ’ गरेका थियो । प्रतिष्ठानका कर्मचारीहरूले हालसम्मका अध्ययन–अनुसन्धान सरकारी कार्य प्रणालीका लागि निकै महत्वपूर्ण रहेको उल्लेख गर्दै थप जनशक्ति र स्रोतसाधनको माग गरे । प्रधानमन्त्रीसँगको यस प्रत्यक्ष संवादले आफूहरूलाई थप ऊर्जा र मिहिनेतका साथ काम गर्ने प्रेरणा मिलेको उनीहरूको भनाइ छ ।रासस

## कर्णाली मन्त्रिपरिषद् बैठकः

# दुई सडक राष्ट्रिय प्राथमिकतामा राख्न सिफारिस

|**कर्णाली ।**
कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले कर्णालीका दुई सडक राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा राख्न सिफारिस गर्ने निर्णय गरेको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले दैलेख हुँदै कालीकोटको महाबै गाउँपालिकाको केन्द्र जोड्ने सडकलाई प्रादेशिक प्राथमिकता आयोजनाका रुपमा समावेश गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा राख्न राष्ट्रिय योजना आयोगसमक्ष सिफारिस गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिए ।

त्यसैगरी, जाजरकोटको ‘वडावन–सानाखोला सडक’लाई पनि प्रादेशिक प्राथमिकता आयोजनामा समावेश गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा सिफारिस गर्ने निर्णय गरिएको प्रवक्ता शाहले बताए । उनका अनुसार बैठकले ‘कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८२’ स्वीकृत गरेको छ ।रासस

# प्रतिनिधिसभा नियमावली मस्यौदा प्रतिवेदन प्रस्तुत

**काठमाडौँ ।**
सभामुख डोलप्रसाद अर्यालसमक्ष प्रतिनिधिसभा नियमावली समिति मस्यौदा समितिको प्रतिवेदन २०८३ बुझाइएको छ ।



प्रतिवेदनको प्रस्तावनामा प्रतिनिधिसभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न, समितिको गठन, कामकारबाही र सदन वा समितिको कार्यविधि नियमित गर्न र परिआएको खण्डमा बाधा अड्काउ फुकाउ नियमावली बनाइएको उल्लेख छ ।

प्रतिवेदनमा प्रतिनिसभाको अधिवेशन र बैठक सञ्चालन, अध्यक्षता, सदस्यको उपस्थिति, बस्ने क्रम, निर्वाचन, शपथ, दैनिक कार्यसूची, कार्यव्यवस्था परामर्श समिति, समयावधि निर्धारण, शून्य र विशेष समय, प्रश्न उत्तरको समय, सूचना दिने समय, सूचना संशोधन, बैठक प्रारम्भ, पालना गर्नुपर्ने नियम, बोल्ने क्रम, नियमापत्ति, निर्णयार्थ प्रश्न पेस गर्ने विधि, विभाजन, सदस्यको निलम्बन र सभामुखको विशेष अधिकारजस्ता विषयवस्तु समेटिएको छ । राष्ट्रपतिबाट सम्बोधन, धन्यवादको प्रस्ताव, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव, ध्यानाकर्षण प्रस्ताव, स्थगन प्रस्तावको सूचना, नीति तथा कार्यक्रमसम्बन्धी कार्यविधिजस्ता विषय प्रतिवेदनमा समेटिएको छ ।

प्रतिवेदनमा कार्यपालिका र व्यवस्थापिकाबीच शक्ति सन्तुलन मिलाउन संसद् र संसदीय समितिमार्फत दिइने निर्देशन कार्यान्वयन भए नभएकोबारे ३० भित्र खोज्न सक्नेगरी समयसीमा तोकिएको छ । सदन र समितिले दिएका निर्देशन निष्कर्षमा पु¥याउन नसक्ने अवस्था रहेमा कार्यपालिकाले समयसीमाभित्रै व्यवस्थापिकालाई जानकारी गराउनुपर्नेछ । सदन र विषयगत समितिमा जनताका तर्फबाट उठेका मुद्दा सामूहिक रूपमा कसरी सम्बोधन गर्ने तथा व्यावहारिक र प्रभावकारी बनाउने भन्ने पक्ष पनि प्रतिवेदनमा समेटिएको छ । सभामुख अर्यालले मस्यौदा प्रतिवेदन ग्रहण गर्दै प्रतिनिसभा र मातहतका विषयगत समितिका कामकारबाहीलाई अघि बढाउन प्रस्तुत निमावलीको मस्यौदा प्रतिवेदनले महत्त्वपूर्ण मार्गदर्शन गर्ने बताए । उनले समितिको अथक प्रयासबाट तोकिएको समयसीमा भित्रै तयार भएको मस्यौदा प्रतिवेदन आगामी सदनमा पेस गरिने बताएका छन् । सभामुख अर्यालले भने, मस्यौदा प्रतिवेदनमा कहीँ कतै कमी कम्जोरी रहेको खण्डमा सुधार गर्न र संशोधनका लागि समय दिइनेछ । सदनका गतिविधि संविधान, कानुन, नजिर, अभ्यासका आधारमा अघि बढाइनेछ । निर्धारित समयभित्रै काम सम्पन्न भएको विषयले आगामी दिनका लागि पनि नजिर बसाल्ने बताउँदै उनले समयसीमाभित्रै काम सम्पन्न भएमा आफूलाई गर्व लाग्ने मात्र नभई जनताले त्यसबाट लाभ प्राप्त गर्ने विश्वास व्यक्त गरेका छन् । मस्यौदा समितिका सभापति गणेश पराजुलीले जनतासमक्ष समयमै कानुन बनाएर न्यायको सुनिश्चिता गर्ने वाचा गरेबमोजिम समितिले पनि समयसीमा र क्यालेन्डर बनाएर काम गर्ने व्यवस्था मिलाएको बताएका छन् । उनले कार्यपालिकाले व्यवस्थापिकालाई जवाफदेहिता बनाउने र व्यस्थापिकालाई कार्यपालिकाले बिजनेस दिनुपर्ने प्रमुख दायित्व हो भन्ने विषय सुनिश्चित गरिएको बताएका छन् । सबै सदस्यको क्षमता, विज्ञता र अनुभव समेटिएकाले संसदीय अभ्यास र गतिविधिलाई व्यवस्थित रूपमा अघि बढाउन मस्यौदा प्रतिवेदन महत्वपूर्ण डकुमेन्टका रूपमा रहने उनको विश्वास छ ।

पन्ध्र सदस्यीय मस्यौदा समितिले नियमित रूपमा चौधवटा बैठक बसी मस्यौदा प्रतिवेदनलाई अन्तिम रूप दिएको थियो । समितिमा केही विषयमा दलगत अडान रहे पनि ९५ प्रतिशतभन्दा बढी विषय सर्वसम्मत रूपमा अघि बढाइएको सभापति गणेश पराजुलीले जानकारी दिएका छन् । त्यस अवसरमा प्रतिपक्षी सदस्यहरूले संसद्लाई बढी लोकतान्त्रिक, जवाफदेही र उत्तरदायी तुल्याउने विषयमा आफूहरूको पूर्ण रूपमा सहयोग र समर्थन रहने प्रतिबद्धता जनाएका छन् ।रासस

# भक्तपुर औद्योगिक महोत्सवः ८० लाखको कारोबार



**भक्तपुर ।**
नयाँ वर्ष २०८३ सालको अवसर पारेर भक्तपुरको सल्लाघारीस्थित १०९ रोपनी चौरमा आयोजना भएको '१०औं भक्तपुर औद्योगिक, सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सव'सोमबार राति सम्पन्न भएको छ । महोत्सवमा करिब लाखको व्यापार भएको जनाइएको छ । औद्योगिक शान्ति नेपाल संस्थाले गत चैत २६ गतेदेखि सञ्चालन गरेको १२ दिने महोत्सवमा एक लाख ३० हजारभन्दा बढी दर्शक तथा उपभोक्ताले अवलोकन गरेका बताउँदै करिब रु ८० लाखभन्दा बढीको व्यापार गरी महोत्सव सम्पन्न भएको संस्थाका अध्यक्ष सन्दीप महतले जानकारी दिए ।

महोत्सवमा एकै छानामुनि दैनिक उपभोग्य सामग्री र विभिन्न सामान पाउने भएपछि १८० वटा स्टल (कक्ष)मा दैनिक उपभोक्ताको घुइचो लागेको थियो भने दैनिक राष्ट्रिय कलाकारबाट हुने सांस्कृतिक कार्यक्रमले राति ९:०० बजेसम्म हजारौँ दर्शकको अवलोकनका लागि घुइँचो लाग्ने गरेको थियो ।

स्थानीय उत्पादनको बजार प्रवद्र्धन गर्ने, राष्ट्रिय तथा अन्तरराष्ट्रिय ब्रान्डका विभिन्न सामान एकैथलोमा सुपथ मूल्यमा उपलब्ध गराउने, भक्तपरको कला, संस्कृति, उत्पादन र सांस्कृतिक परम्परालाई एकै थलोमा प्रदर्शन गर्दै प्रचार गर्ने उद्देश्यले नयाँ वर्षको अवसरमा महोत्सवको आयोजना गरेको महोत्सवका संयोजक दीपक थापाले जानकारी दिए ।

महोत्सवमा मानवीय दैनिक जीवनमा प्रयोगमा आउने दैनिक उपभोग्य सामग्री, खाद्यान्नका सामग्री, विभिन्न प्रकारका लत्ताकपडा, जुत्ता, कृषि तथा हस्तकलाका सामग्री, औद्योगिक उत्पादन, काष्ठकला, माटाका भाँडा, स्थानीय घरेलु उत्पादन, सूचना तथा विज्ञान प्रबिधि, अटोमोबाइल, विद्युतीय उपकरण, कृषि औजार, मोबाइल तथा इलेक्ट्रोनिक्स सामानको प्रदर्शनी तथा बिक्री लागि राखिएको उनले बताए । महोत्सवमा मुख्य आकर्षणको रुपमा राखिएको 'लन्डन ब्रिज' मा फोटो तथा भिडियो खिच्नेहरूको भीड देखिन्थ्यो भने बालबालिकादेखि यवायुवतीसम्म बाल उद्यान, रोटेपिङ, ड्रागन ट्रेन, नाउ तथा बच्चाका विभिन्न प्रकारको खेलौना र विभिन्न प्रकारका खानामा उपभोक्ताको त्यत्तिकै भीड देखिन्थ्यो । चर्चित गायक गायिकाको दैनिक सांस्कृतिक उत्सव महोत्सवमा दैनिक रूपमा चर्चित गायकगायिकाले यहाँको साङ्गीतिक माहौललाई उत्साहमा परिणत गरेका छन् । राष्ट्रियस्तरका ख्यातिप्राप्त कलाकारहरूको गीतसङ्गीतले महोत्सवमा युवापुस्ताको भीड उत्तिकै बढेको थियो । महोत्सवमा भक्तपुर वाइल्ड फायर नाइट नाम दिएर चर्चित गायक प्रमोद खरेल एन्ड परम्परा ब्याण्ड र दुर्गेश थापाको संयक्त प्रस्तुतिदेखि दैनिक हुने सांस्कृतिक कार्यक्रममा चर्चित गायक रामकृष्ण ढकाल, लोकगायक नवराज घोरासैनी, चर्चित गायिका रचना रिमाल, एलिना चौहान, मञ्जु पौडेल, रोज मोक्तान, मदन विष्ट, रमेश मेलोडी, जङ्गी रोयल्स ब्यन्ड, भोजराज काफ्ले, गड एक्स, मीना गिरी, प्रिती पासवान, उर्गेन डोङ, सोनु कुस्मी, कपिल कसपाल, जोकर, राजेन्द्र गुन्द्रुकेलगायतको प्रस्तुति र नृत्य प्रतियोगिताले महोत्सवको रौन थपेको थियो । रासस

# भैँसीपालन व्यवसाय छाडेर बाख्रापालन वार्षिक लाखौँ आम्दानी लिन्छन् गौचन

**म्याग्दी ।**
जिल्लाको धौलागिरि गाउँपालिका–२ लमसुङका कृष्ण गौचन रु ५२ हजार लगानीबाट सुरुआत गरेको बाख्रापालन व्यवसायबाट वार्षिक लाखौँ आम्दानी गर्न सफल भएका छन् ।
विसं २०७४ मा ६० वर्षीय गौचनले घुम्तीकोषको सहुलियत ब्याजदरको ऋण रु ३८ हजार १५० र रु १५ हजार बीउपुजीबाट सुरु गरेको लोकेश कृषि तथा बाख्रा फार्मबाट स्वरोजगार र आत्मनिर्भर बनेका हुन् ।
घुम्तीकोषको ऋण र बीउपुँजीबाट तीन माउ बाख्रा किनेर घरमा भएका दुई वटा बाख्रामा थपेर पाँच वटा बनाएको थिए तर दुई वटा मरे, उनले भने, जमुनापारी जातको बाख्राको नश्ल सुधारका लागि भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट बोयर जातको बोका पाएपछि मेरो गोठमा बाख्राको सङ्ख्या बढेर १२० सम्म पुग्यो ।
हाल ७० खसीबोका, पाठापाठी र माउबाख्रा छन् । उक्त फार्मबाट वार्षिक १५ भन्दा बढी खसीबोका र उत्तिकै सङ्ख्यामा पाठापाठी बिक्री हुन्छ । मासुका लागि खसीबोका मासु र पाल्नलाई पाठापाठी किन्न ग्राहकहरु गोठमै आउँछन् । पाठापाठी र खसीबोकाको उमेर तथा तौलको आधारमा



फरक–फरक मूल्यमा बिक्री हुने गरेको छ । घुम्तीगोठमा परम्परागत भैँसीपालन व्यवसाय छाडेर गौचनले बाख्रापालन सुरु गरेका थिए ।
बाख्रापालनबाट भएको आम्दानीले घरव्यवहार चलाउन सहज भएको गौचनले बताए । उनलाई व्यवसाय सञ्चालनका लागि श्रीमती र छोरीले साथ दिँदै आएका छन् । बाख्रापालनबाट भएको आम्दानीले कान्छा छोरा लिलेन्द्र गौचनलाई पढ्नका लागि अष्ट्रेलिया पठाएका छन् । वैदेशिक रोजगारीका लागि केही वर्ष पोर्चुगलमा काम गरेका जेठा छोरा सुरेन्द्र जन्मथलो फर्किएर बुबा कृष्णलाई बाख्रापालनमा साथ दिएका छन् ।
वैदेशिक रोजगारीमा सेचोजस्तो सफलता नमिलेपछि घर फर्किएर बुबालाई बाख्रापालनमा साथ दिएको सुरेन्द्रले बताए । विदेशमा गर्ने मेहनत र बगाउने श्रम पसिनाबाट आफ्नै देशभित्र पनि केही गर्न सकिने रहेछ भन्ने बुबाको व्यवसायबाट सिकेर साथ दिएको छ, उनले भने, विदेशको अनुभव पनि गरियो । अबै यतै व्यवस्थित रुपमा बाख्रापालन गर्ने सोचाइमा छु ।
बाख्रापालनका लागि गौचनले लमसुङ र मरेनी दुई ठाउँमा गोठ बनाएका छन् । चरनका लागि दुई–दुई महिनामा लमसुङ र मरेनीमा गोठ सार्ने गर्दै आएका छन् । खोर निर्माणका लागि पछिल्लोपटक भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले रु एक लाख ५० हजार सहयोग गरेको गौचनले बताए । रासस

# महिला सामूहिक बेमौसमी तरकारीखेतीमा आकर्षित

**टीकापुर ।**
कैलालीको टीकापुरका महिला बढी आम्दानी लिनका लागि बेमौसमी तरकारीखेतीमा सम्लग्न भएका छन् । टीकापुर–१ सत्घरुवामा महिलाहरुले जीविकोपार्जनका लागि सामूहिक रुपमा बेमौसमी तरकारीखेती गरेका छन् । सत्घरुवामा रहेको मिलिजुली कृषक समूहमा विपन्न वर्गका २३ महिलालाई छनोट गरी समूह बनाएर तरकारीखेतीमा लगाइएको छ ।
विगतमा ज्याला मजदुरी गर्ने महिलाहरु समूहमा आबद्ध भएपछि १२ कट्ठा जमिन भाडामा लिएर खेती गरिरहेका छन् । महिलालाई स्थानीय पालिकाको कृषि विकास शाखाको समन्वयमा दिगो विकास समाज भजनीले समुदाय सशक्तीकरण तथा विकासका लागि स्थानीय पहल परियोजनाले कृषक अगुवा तालिम, प्राविधिक ज्ञान को छ । जसले महिलाहरुलाई बेमौसमी तरकारीखेतीसम्बन्धी ज्ञान भएको छ ।
अहिले उनीहरुको बारीमा काउली, टमाटर, खुर्सानी, भिन्डी, आलुलगायतका तरकारी लगाइएको छ । मङ्सिरमा रोपेको आलु बिक्रीका लागि तयार भएको छ । यसरी बेमोसमी तरकारीखेती



गरिरहेका महिला किसानलाई सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान सङ्कायका विद्यार्थीले प्राविधिक सहयोग गरिरहेका छन् ।
प्राविधिकले फरक फरक तरिका र प्रविधिले खेती गर्दा कस्तो उत्पादन हुन्छ भनी अध्ययन भइरहेको र किसानलाई सिकाउने गरिएको प्राविधिक विद्यार्थी लक्ष्मी थारुले बताए । हामीले एउटै खेतीलाई पनि फरकफरक तरिकाले गरेर उनीहरुलाई सिकाइरहेका छौँ", उनी भन्छन्, "बाली संरक्षण, वातावरण संरक्षणसँगै बढी उत्पादन कसरी लिन सकिन्छ भनेर पनि सिकाइरहेका छौँ ।
महिलाहरु जीविकोपार्जनसँगै खेती गर्दा आइपर्ने विपद्बारे समेत सचेत भएका आशा चौधरीले बताए । मजदुरी गर्ने महिला आयआर्जनमा लागेपछि उनीहरु जीवन सहज भएको छ, उनले भने, अब ज्यालादारी गर्न जाँदैनन्, बारीमै काम गर्छन्, घरमै तरकारी बिक्री हुन्छ । खेतबारीमै आम्दानी लिन पाउँदा खुसी भएका छन् ।
किसान कृष्णी चौधरीलगायत उनका २३ जना छिमेकी साथीहरु ज्यालादारी काम गर्थे । परियोजनाले जग्गा भाडामा लगेर तरकारीखेतीमा लगाएपछि अहिले तरकारीखेतीको आम्दानीले घर चलाउन, समस्या टार्न सहयोग भएको बताए । दुई वर्षका लागि जग्गा लिजमा लगिदिएको छ, हामीले खेती गरेर आम्दानी लिने हो, उनले भने, हामीले धेरै कुरा सिक्यौँ, धेरै वर्ष कठिन श्रम ज्यालादारीमा समय बितायौँ, अब आम्दानी गर्ने बाटो सिकेका छौँ, यही तरकारीखेतीमै भविष्य देखेका छौँ । त्यसैगरी दशघरुवामा महिलाहरुले प्याजखेतीसमेत गरेका छन् । उनीहरुले गरेको प्याज अहिले बिक्रीका लागि तयार भएको छ । किसान महिलाले अर्गानिक तरकारी उत्पादन गर्ने भएकाले बजारको समेत समस्या छैन । उनीहरुले यहाँ उत्पादन भएको तरकारी केही घरमै र बचेको कृषि हाट बजारमा बिक्री गर्ने गरेका छन् । यसरी खेती गरिरहेका आफूलाई स्थानीय पालिकाले अनुदान दिने, आवश्यक कृषि औजार, पोली हाउसलगायतका सामग्री दिए सहज हुने उनीहरुको भनाइ छ । रासस

# युद्धविराममाथि सङ्कट, अमेरिका–इरान तनाव चुलिँदै

**तेहरान ।**
अमेरिका र इरानबीच जारी युद्धविराम अन्त्यतिर पुग्दै गर्दा दुवै पक्षले युद्धका लागि तयार रहेको चेतावनी दिएका छन् । वार्ताको भविष्य अन्योलमा परिरहेका बेला कूटनीतिक प्रयासहरू पुनः पाकिस्तानमा केन्द्रित हुने सङ्केत देखिए पनि तेहरानले सहभागिताबारे स्पष्ट धारणा सार्वजनिक नगरेपछि स्थिति अझ जटिल बनेको छ ।
ह्वाइट हाउसका अनुसार उपराष्ट्रपति जेडी भान्स इस्लामाबाद फर्केर दोस्रो चरणको वार्ता अघि बढाउने तयारीमा रहनुभएको छ । तर इरानले अमेरिकी कदमप्रति गम्भीर असन्तुष्टि जनाउँदै वार्तामा सहभागी हुने वा नहुने विषयमा मौनता कायम राखेको छ । तेहरानले अमेरिकामाथि आफ्ना बन्दरगाहहरूमा नाकाबन्दी लगाएर र एक जहाज नियन्त्रणमा लिएर युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएको छ ।
इरानका संसद् अध्यक्ष मोहम्मद बाघेर घालीबाफले अमेरिकाले वार्तालाई दबाबको माध्यम बनाउन खोजेको आरोप लगाउँदै खतराको वातावरणमा वार्ता स्वीकार्य नहुने बताए । उनका अनुसार पछिल्ला



दुई सातामा इरानले युद्धक्षेत्रमा नयाँ रणनीति देखाउने तयारी गरिरहेको छ । यसैबीच, इरानको रिभोलुसनरी गाड्र्सले होर्मुज जलडमरूमध्यबाट अनुमतिबिना पार गर्ने जहाजहरूलाई निशाना बनाइने चेतावनी दिएको छ ।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इरानमाथि जल डमरूमध्य क्षेत्रमा जहाजहरूलाई अवरोध गरेर युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएका छन् । उनका अनुसार फेब्रुअरी २८ मा अमेरिका र इजरायलले सुरु गरेको युद्धपछि इरानले विश्वको करिब पाँचौँ भाग तेल ओसारपसार हुने मार्ग अवरुद्ध गरेको छ । ट्रम्पले सामाजिक सञ्जालमार्फत नाकाबन्दीले इरानलाई कमजोर बनाइरहेको दाबी गर्दै समझदारी नभएसम्म दबाब जारी रहने सङ्केत दिए ।
युद्धविरामको समयसीमा सकिन लाग्दा वार्तामा सहभागी हुने विषयमा ट्रम्पले इरान तयार हुनुपर्ने बताए । उनले युद्धविराम समाप्त भए ठूलो स्तरमा आक्रमण सुरु हुनसक्ने चेतावनी दिए । यद्यपि युद्धविराम केही समय थपिने सम्भावना न्यून रहेको उनको भनाइ छ । युद्धको जोखिमबीच अन्तर्राष्ट्रिय बजारमा भने तेलको मूल्य घट्दो क्रममा देखिएको छ । अमेरिका–इरानबीच सहमति भएर होर्मुज जल डमरूमध्य पुनः सञ्चालनमा आउने आशाले बजार प्रभावित भएको विश्लेषण गरिएको छ । तेहरानमा युद्धविरामपछि केही सामान्य जीवन फर्किएको देखिए पनि सर्वसाधारणमा अनिश्चितता र आर्थिक दबाब अझै कायम छ । स्थानीय बासिन्दाहरूले अवस्था सहज नभएको र अर्थतन्त्र निकै कमजोर रहेको बताएका छन् ।
यसैबीच, इजरायल र लेबनानबीच छुट्टै युद्धविराम घोषणा भइसकेको छ, जसमा हिजबुल्लाह पनि संलग्न छ । दुवै पक्षबीच वासिङ्टनमा पुनः वार्ता हुने तयारी भइरहेको छ । तर दक्षिणी लेबनानमा छिटपुट हिंसा जारी रहेको र इजरायलले केही क्षेत्रमा नागरिकलाई नफर्कन चेतावनी दिएको छ । संयुक्त राष्ट्र सुरक्षा परिषद्ले लेबनानमा एक फ्रान्सेली शान्तिरक्षकको हत्या भएको घटनाको निन्दा गरेको छ । उक्त घटनामा हिजबुल्लाहलाई दोष दिइएको छ । इजरायल–हिजबुल्लाह द्वन्द्वका कारण लेबनानमा हालसम्म हजारौँको ज्यान गइसकेको सरकारी तथ्याङ्कले देखाएको छ ।
अमेरिका–इरान वार्ताको अर्को महत्त्वपूर्ण मुद्दा इरानको समृद्ध युरेनियम भण्डार पनि हो । ट्रम्पले इरान उक्त भण्डार हस्तान्तरण गर्न सहमत भएको दाबी गर्नुभएको थियो । तर इरानले उक्त दाबी अस्वीकार गर्दै युरेनियम कतै हस्तान्तरण नगरिने स्पष्ट पारेको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ताले यस्तो विषय वार्तामा कहिल्यै विकल्पका रूपमा नउठाइएको बताए । रासस

# साफ च्याम्पियनसिपका लागि खेलाडी छनोट

**काठमाडौँ ।**
अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले भारतमा आयोजना हुने साफ महिला च्याम्पियनसिप –२०२६ का लागि आज प्रारम्भिक चरणमा ३५ सदस्यीय नेपाली टोलीको नाम सार्वजनिक गरेको छ ।
नेपाल महिला राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक नवीन न्यौपाने उक्त प्रतियोगिताका लागि ३५ सदस्यीय प्रारम्भिक टोली घोषणा गरेका हो । प्रशिक्षक न्यौपानेले टोलीलाई तयारी गराउन पहिलो चरणको बन्द प्रशिक्षण यही वैशाख १४ गतेदेखि सुरु गर्ने तालिका रहेको एन्फाले जनाएको छ । आठौँ संस्करण साफ च्याम्पियनसिप भारतको गोवा राज्यस्थित मार्गाओमा आगामी मे २५ देखि जुन ७ तारिखसम्म आयोजना हुँदैछ । दक्षिण एसियाली महिला फुटबलमा नेपाल सधैँ बलियो दाबेदारका रूपमा देखिँदै आएको छ तर पटक–पटक फाइनल पुगे पनि उपाधि जित्न सकेको छैन । प्रशिक्षक न्यौपानेको नेतृत्वमा नेपाल पहिलो पटक उपाधि जित्ने लक्ष्यसहित मैदानमा उत्रिनेछ ।
छनोट भएको प्रारम्भिक टोलीमा अञ्जिला तुम्बापो सुब्बा, अञ्जना राना मगर, अनिता बस्नेत, अनिता लाम्जेल, अनिता केसी, अस्मिता नेपाली, वर्षा ओली, विमला विक, विमला चौधरी, बिर्सना चौधरी, दीपा शाही, गीता राना, हिरा भुजेल, जेनिफर राना, मनमाया दमाईं, मीना देउवा, नेहा कुमारी चौधरी र निशा ठोकर छन् ।
त्यसैगरी, पुनम चेम्जोङ, प्रतीक्षा चौधरी, प्रीति राई, पूजा राना, पूर्णिमा राई, रश्मीकुमारी घिसिङ, रेखा पौडेल, रेनुका नगरकोटी, सबिना चौधरी, सजनी ठोकर, समीक्षा घिमिरे, सरस्वती हमाल, सरु लिम्बू, सिलु परियार, सुक्रिया मियाँ, सुशीलाकुमारी चौधरी र उषा नाथ छन् । रासस

# मध्यपूर्व द्वन्द्वले भारतको मल उत्पादनमा गिरावट

**नयाँदिल्ली ।**
मध्यपूर्वमा बढ्दो युद्धको प्रत्यक्ष असर देखिँदै भारतको मल उत्पादन मार्च महिनामा झन्डै एक चौथाइले घटेको छ । प्राकृतिक ग्यास आपूर्तिमा आएको अवरोधका कारण उत्पादनमा यस्तो तीव्र गिरावट आएको सरकारी तथ्यांकले देखाएको छ । यसले कृषि क्षेत्रमा दबाब बढाउने संकत गरेको छ ।
भारतमा युरिया उत्पादनका लागि प्राकृतिक ग्यास अत्यावश्यक कच्चा स्रोत मानिन्छ । यही युरिया देशको विशाल कृषि प्रणालीका लागि मुख्य मल भएकाले यसको उत्पादन विश्वव्यापी ऊर्जा आपूर्ति र मूल्य उतारचढावसँग प्रत्यक्ष रूपमा जोडिएको छ । तर फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि इरानले स्ट्रेट अफ होर्मुज प्रभावकारी रूपमा बन्द गर्दा ग्यास आपूर्ति प्रभावित भएको हो ।
यो जलमार्गबाट विश्वका करिब एक तिहाइ मल आपूर्ति हुने भएकाले अवरोधले विश्वव्यापी खाद्य उत्पादनमै असर पर्ने चिन्ता व्यक्त गरिएको छ । भारतजस्तो कृषिमा निर्भर मुलुकका लागि यसको प्रभाव अझ गम्भीर मानिएको छ । भारतमा कुल रोजगारीको ४५ प्रतिशतभन्दा बढी हिस्सा कृषिले ओगटेको छ । साना र कम उत्पादनशील खेती प्रणालीमा निर्भर किसानहरूका लागि मल अभाव थप चुनौती बन्न सक्छ ।
वाणिज्य मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार मार्च २०२६ मा मल उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २४.६ प्रतिशतले घटेको छ । यसअघि भने उत्पादनमा सुधारको क्रम देखिएको थियो–फेब्रुअरीमा ३.४ प्रतिशत, जनवरीमा ३.७ प्रतिशत र डिसेम्बर २०२५ मा ४.१ प्रतिशतले वृद्धि भएको थियो ।
सरकारले भने तत्काल अभाव नहुने दाबी गरेको छ । पेट्रोलियम मन्त्रालयका अनुसार देशमा हाल 'पर्याप्त मल भण्डार' रहेको छ र आपूर्ति स्रोतहरूलाई विभिन्न देशहरूबाट विविधीकरण गर्ने प्रयास भइरहेको छ ।
भारतमा मलको माग मुख्यतः मनसुन बाली रोपाइँ (जुन–जुलाई) अघि र जाडो सिजनका बाली रोपाइँ (अक्टोबर–नोभेम्बर) बेला उच्च हुन्छ । यही समयलाई लक्षित गर्दै सरकारले यसअघि अप्रिलमा मल अनुदान ११ प्रतिशतले बढाएको थियो, जसले बढ्दो मूल्यबाट किसानलाई केही राहत दिने अपेक्षा गरिएको छ ।
तर भारतको मल प्रणाली आयातमा निर्भर रहँदै आएको छ । युरियासँगै रक फस्फेट, फस्फोरिक एसिड र पोटाशजस्ता कच्चा पदार्थका लागि पनि विदेशमै भर पर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा आपूर्ति शृङ्खलामा आएको अवरोधले दीर्घकालीन असर पार्ने सम्भावना देखिएको छ ।
यसैबीच, विश्व व्यापार सङ्गठनले पनि मध्यपूर्व युद्धका कारण मल आपूर्तिमा आएको अवरोधले विश्व खाद्य सुरक्षामा गम्भीर खतरा निम्त्याउन सक्ने चेतावनी दिएको छ । यसले भारत मात्र नभई विश्वभर कृषि उत्पादन र खाद्य उपलब्धतामाथि दबाब बढ्न सक्ने संकेत गरेको छ । रासस

# विश्व बैंकको सहयोगमा निर्माणाधीन सडकमा ४३ प्रतिशत प्रगति




**दमौली ।**
विश्व बैंकको सहयोगमा स्तरोन्नति सुरु भएको व्यास नगरपालिकास्थित चार वडा जोड्ने सडकको काम ४३ प्रतिशत सकिएको छ । विसं २०८१ जेठदेखि सुरु भएको उक्त सडकमा हालसम्म ४३ प्रतिशत भौतिक प्रगति भएको व्यास नगरपालिकाले जनाएको छ ।

विश्व बैंकको सहयोगमा सहरी शासकीय तथा पूर्वाधार विकास आयोजना अन्तर्गत व्यास नगरपालिका–७, ९, १० र ११ जोड्ने पराशर मार्ग स्तरोन्नतिको काम भइरहेको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिए । व्यास नगरपालिकाको वडा नं ७, ९, १० र ११ लाई जोड्ने पराशर मार्गअन्तर्गत बुल्दीखोला–बेलटारी–फराकचौर –अधेरीभञ्ज्याङ–कुमालगाउँ–समता स्कुल–कलेस्ती सडक कालोपत्र गरिनेछ । उक्त खण्डमा १०.५५ किलोमिटर दूरी कालोपत्र हुने प्रमुख प्रशासकीय अधिकृत लम्सालले बताए ।

उक्त सडक स्तरोन्नतिका लागि २०८१ साल वैशाख १६ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो । सडक स्तरोन्नतिका लागि ४० करोड ८३ लाख ३५ हजार ९२१ रुपैयाँमा निर्माण कम्पनी बिकेएचटिडिसीएल एसिपीएल जेभी कालीमाटीसँग सम्झौता भएको थियो । सडक स्तरोन्नतिका लागि गत विसं २०८० पुस २६ गते ५२ करोड ७८ लाख ३० हजार ४२७ रुपैयाँको ठेक्का आह्वान भएको थियो ।

त्यसमध्ये नौवटा फर्मले बोलपत्र दर्ता गराएकामा २३.४१ प्रतिशत घटी बोलपत्र दर्ता गराउने फर्मको बोलपत्र स्वीकृत भएको थियो । विसं २०८२ असारसम्म यसको म्याद रहेकामा काम नसकिएपछि २०८३ असारसम्म म्याद थप भएको छ । दश दशमलव ५५ किलोमिटर उक्त सडकखण्डमा कालोपत्र, नाला तथा अन्य संरचना निर्माण गरिनेछ । उक्त सडकले व्यास नगरपालिका–११ स्थित बुल्दीखोला, बेल्टारी, फराकचौर, व्यास नगरपालिका–१० अधेरीभञ्ज्याङ, पोखेलफाँट, व्यास नगरपालिका–९ कुमालगाउँ, व्यास नगरपालिका–७ समता स्कुल, कलेस्तीलगायतका ठाउँ जोड्छ ।रासस

# बर्डफ्लु नियन्त्रणका लागि सुनसरी प्रशासनको कडाइ



**सुनसरी ।**
सुनसरी जिल्लाका विभिन्न स्थानमा बर्ड फ्लु देखिएपछि नियन्त्रणका लागि पहल गरिएको छ । जिल्ला प्रशासन कार्यालयले आज जारी गरेको सूचनाअनुसार इटहरी उपमहानगरपालिका, इनरुवा नगरपालिका, दुहबी नगरपालिका तथा गढी गाउँपालिकालगायत स्थानमा कुखुरापालन गरिएका फार्महरूमा बर्ड फ्लु (एभियन इन्फ्लुएन्जा, एच फाइभ एन वन) नामक रोग पुष्टि भएको जनाइएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी घनश्याम न्यौपानेका अनुसार उक्त रोग मानिसमा समेत सर्न सक्ने भएकाले बर्ड फ्लु नियन्त्रण नियमावली, २०७८ बमोजिम सङ्क्रमित क्षेत्रलाई केन्द्रविन्दु मानी चार किलोमिटर क्षेत्रलाई सङ्कटग्रस्त क्षेत्र तोकिएको छ । रोग थप फैलिन नदिन सो क्षेत्रमा आवश्यक नियन्त्रणका कार्य अघि बढाइएको प्रशासनले जनाएको छ ।

जिल्ला प्रशासनले वैशाख १४ गतेसम्मका लागि कुखुरा, चल्ला तथा कुखुराजन्य वस्तु (अण्डा र मासु) को ओसारपसारमा प्रतिबन्ध लगाएको छ । सङ्क्रमित क्षेत्रबाट अन्यत्र तथा अन्य जिल्लाबाट सुनसरीभित्र कुखुरा तथा कुखुराजन्य वस्तु भिल्याउन र बाहिर लैजान रोक लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेले बताए ।

जिल्ला प्रशासन कार्यालयले जिल्लावासी, कृषक, व्यवसायी तथा सरोकारवालालाई उच्च सतर्कता अपनाउन र नियन्त्रण कार्यमा सहयोग गर्न आग्रह गरेको छ । गत चैत ११ गते सुनसरीमा बर्डफ्लु पुष्टि भएपछि जिल्लाका विभिन्न स्थानमा प्रभावित फार्महरूमा कुखुरा तथा अण्डा नष्ट गर्ने र खोर सरसफाइ गर्ने अभियान सञ्चालन गरिएको थियो । सोही दिन इटहरी, दुहबी र गढीलगायतका ठाउँहरूमा आठ वटा बढी कृषि फार्ममा सङ्क्रमण पुष्टि भएको थियो ।

सङ्क्रमण पुष्टि भएपछि इटहरी–१९ स्थित ओकेओ कृषि प्रालिमा रहेका ११ हजार २० कुखुरा र ११ हजार ३०० अण्डा नष्ट गरिएको थियो । यस्तै, गढी गाउँपालिका–५ को सञ्जित कृषि फार्ममा ४२१, इटहरी–११ को आलम कृषि फार्ममा ५५०, इटहरी–१८ को रानी कृषि फार्ममा एक हजार ९३० (लेयर्स र गिरीराज) तथा इटहरी–१७ को लक्ष्मी पोल्ट्री फार्ममा ५१० कुखुरा र ५२० अण्डा नष्ट गरिएको भेटेरेनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र इनरुवाका प्रमुख डा मनोजकुमार महतोले जानकारी दिए । सोमबार सुनसरीको रामधुनी नगरपालिका–६ स्थित एक पोल्ट्री फार्ममा पालिएका करिब एक लाख ५० हजार लेयर्स कुखुरामा सङ्क्रमण पुष्टि भएपछि नष्ट गरिएको थियो । रासस

# अटिजमसम्बन्धी तीनदिने विशेष तालिम




**काठमाडौँ ।**
अटिजमसम्बन्धी चेतनाबाट व्यवहारिक कार्यान्वयनतर्फ केन्द्रित तीन दिने ‘विशेष शिक्षा तालिम र सेमिनार’ सोमबार सम्पन्न भएको छ । कार्यक्रम मुख्य आयोजक नेपाल एकेडेमी अफ साइकोलोजीको अग्रसरतामा मेन्टल हेल्थ नेपाल र स्कोप अफ होप फाउन्डेसन भारतसँगको सहकार्यमा आयोजना गरिएको हो ।

अटिजम एक विकासात्मक अवस्था हो, जसले व्यक्तिको सामाजिक अन्तरक्रिया, सञ्चार कौशल र व्यवहारमा विविधता ल्याउँछ । यसमा मुख्य रूपमा सामाजिक सञ्चारमा कठिनाइ आँखाको सम्पर्क कम हुनु, सामाजिक सङ्केत नबुझ्नु, सम्बन्ध विस्तार गर्न गाह्रो हुनु र दोहोरिने तथा सीमित व्यवहारजस्तै एउटै काम दोहो¥याउने, नियम पालनामा कडाइ, विशेष विषयमा अत्यधिक रुचि, सम्बन्धी संवेदनशीलतालगायत देखिन्छ ।

अटिजमलाई ‘स्पेक्ट्रम’ भनिन्छ किनभने प्रत्येक व्यक्तिमा लक्षण र आवश्यकता फरक–फरक हुन्छन् । अटिजम भएका कसैलाई धेरै सहयोगको आवश्यकता हुन्छ भने कसैले सामान्य सहयोगबाट पनि स्वतन्त्र रूपमा जीवनयापन गर्न सक्ने तालिमका प्रशिक्षक एवं नेपाल एकेडेमी अफ साइकोलोजीका निर्देशक उमङ्गजङ्ग पराक्रम शाहले बताए ।

अटिजमसहितको अवस्था देखिनुमा कुनै एक मात्र कारण हालसम्म यकिन हुन नसकेको बताउँदै उनले वंशाणुगत प्रभाव र मस्तिष्कको विकाससँग सम्बन्धित फरकपन मुख्य कारण मानिएका जानकारी दिए । यसका सङ्केतहरू प्रायः बालबालिका ६ देखि १२ महिना हुँदा देखिन सुरु हुन्छन् भने १८ देखि २४ महिनामा अटिजमको विश्वसनीय पहिचान गर्न सकिन्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभर हरेक १०० मध्ये एक बालबालिकामा अटिजम हुने अनुमान गरिएको छ भने संयुक्त राज्य अमेरिकामा भने हरेक ३१ बालबालिकामध्ये एक जनामा अटिजम हुने तथ्याङ्क सार्वजनिक गरेको छ”, प्रशिक्षक शाहले भने ।

अटिजमको पहिचानसहितको जनसङ्ख्या अत्यधिक रूपमा वृद्धि भएको देखिए पनि अनुसन्धानकर्ताका अनुसार यसको मुख्य कारण बढ्दो चेतना, प्रभावकारी स्क्रिनिङ तथा प्रारम्भिक पहिचान प्रणालीमा सुधार हो ।

अटिजम कुनै निको पार्नुपर्ने रोग होइन बरु यो एक विविध मानवीय अवस्थामध्येको एक अवस्था हो । सामाजिक अवरोधलाई हटाई, स्वीकारोक्ति र समतासहितको समावेशी वातावरणले अटिजमसहितका व्यक्तिलाई सहजताका साथ जीवनयापन गर्न सहयोग गर्छ”, शाहले भने । उनका अनुसार व्यवहार थेरापी, बोल्ने (स्पिच) थेरापी, अकुपेसनल थेरापी, विशेष शिक्षा तथा अन्य शैक्षिक र व्यवहारिक समर्थनले व्यक्तिको जीवनलाई सहज बनाउन सक्छ ।

हाल संसारभरि कसैको दया, माया र दानमा आधारित सहायताभन्दा पनि अधिकारमा आधारित सहायता अटिजमसहितका व्यक्तिले प्राप्त गर्नुपर्दछ भन्ने आवाज तीव्र रूपमा उठिरहेको प्रशिक्षक शाहले बताए । शैक्षिक जीवनमा समेत अलग्याएर छुट्टै पढाउनु वा सिकाउनुको साटो अत्यन्तै कम बाधा हुने वातावरणमा पर्याप्त सहायतासहित समावेशी शिक्षा, सिकाइ र सहयोगको पहुँचलाई महत्त्व दिइएको छ । आजको दिनमा अटिजमलाई समस्याका रूपमा भन्दा पनि न्यूरो–विविधताको रूपमा हेरिनुपर्ने आवाज बुलन्द हुँदै आएको उनको भनाइ छ ।

तालिम समापन कार्यक्रममा सगरमाथा टेलिभिजनका अध्यक्ष निर्मल गुरुङ, समाजसेवी तथा राजनीतिक विश्लेषक प्रकाश रायमाझी, प्राडा प्रेमकुमार खत्री, सह प्राडा अस्वत्थामाभक्त खरेल, प्रा कृष्ण आचार्य, डा राजेन्द्र खत्री, डा बिनिता सिंह, अटिजम स्पेसलिस्ट तथा मनोविद् भगवती भट्टराई, बैंकर हरि आचार्यलगायतले अटिजमका बारेमा जनचेतना जगाउनुपर्नेमा जोड दिए ।

कार्यक्रमका मुख्य प्रशिक्षक भारतको मुम्बईबाट आएका विपिन मौर्य (विशेष शिक्षक तथा संस्थापक, स्कोप अफ होप फाउन्डेसन) रहेका थिए । कार्यक्रमका प्रशिक्षक नेपाल एकेडेमी अफ साइकोलोजीका निर्देशक तथा साइकोलोजी, समावेशी÷विशेष शिक्षा र राजनीतिक विज्ञानलगायत बहुविषयगत अनुसन्धानकर्ता शाह रहेका थिए ।रासस

# १०८ फिटको हनुमान मूर्ति निर्माण अन्तिम चरणमा



**नेपालगञ्ज ।**
नेपालगञ्ज उमहानगरपालिका– २ स्थित हनुमानगढीमा १०८ फिट अग्लो हनुमानको मूर्ति निर्माण जारी छ । सो मूर्तिको लागत रु १४ करोड ४ लाख ६३ हजार रहेको उपमहानगरपालिकाका इन्जिनियर सुरज शर्माले जानकारी दिए । यसका पहिलोपटक २०७९ चैत ३ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो । सुरुआताको अवधि २०८१ चैत २ गतेसम्म रहेकामा अहिले समयावधि थपेर २०८३ असोज ३० गतेसम्म लम्ब्याइएको छ । मूर्ति निर्माण गर्ने कालीगढ दिलवीर सुनार सेन्चुरीले हनुमान मन्दिरको निर्माण ९० प्रतिशत सम्पन्न भइसकेको उल्लेख गरे । अबको डेढ महिनामा मूर्ति हस्तान्तरण गर्ने उनको भनाइ छ ।

नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले भारतको अयोध्यामा अत्याधुनिक राम मन्दिर बनेपछि राम र हनुमानको सम्बन्धलाई एकाकार गर्दै अयोध्यासँग नेपालगन्जलाई जोडने उद्देश्यका साथ हनुमानको मूर्ति निर्माण भइरहेको जानकारी दिए ।

यसले नेपालगञ्जको धार्मिक पर्यटन प्रवद्र्धनमा टेवा पुग्ने नगर प्रमुख विष्टको विश्वास छ । उनले अयोध्यासँगको जोड्ने सके धार्मिक पर्यटनमा टेवा पुग्ने उल्लेख गर । “यसले नगरको धार्मिक र सांस्कृतिक महत्वलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ नगरप्रमुख विष्टले भने ।

हनुमानगढीका थानापति महन्थ उमेश गिरीले यस पवित्र स्थानमा भौतिक संरचनाको विकास भएकोमा खुसी व्यक्त गर्दै त्रेता युगमा श्रीराम हनुमानजीको अनन्य भक्त भएर अधर्मको नाश गरेको बताए । त्यस युगमा अधर्मको नास गर्न हनुमानजीले एउटा चमत्कार नै गर्नुभएको छ, त्यसैले यसको महत्व अहिले पनि वढदै गएको छ, उनले भने ।

ऋषिमुनिको आगमनपछि पाँच करोड गायत्री मन्त्रको जप भएको स्थानका रूपमा रहेकाले हनुमानगढीको महिमा झन बढेको महन्त गिरीको भनाइ छ । हनुमानगढी मन्दिर सञ्चालन तथा व्यवस्थापन समितिका सचिव विश्वराज तिवारीले धार्मिक क्षेत्रमा हनुमानगढीको गरिमा बढ्दै जाँदा यसले धार्मिक पर्यटनमा टेवा पुगेको उल्लेख गरे । नेपालगञ्ज उपमहानगरपालिकाले निर्माण गरेको १०८ फिट अग्लो हनुमानको सो मूर्तिको फाउन्डेसन र प्लेटफर्मको काम सकिएपछि अहिले धमाधम मूर्ति निर्माणको काम भइरहेको छ । यस स्थानमा बर्सेनि हनुमान जयन्तीमा उत्सव हुने गर्छ ।रासस

# सोलुखुम्बुमा पहिलोपटक जिपलाइन सञ्चालनमा



**सोलुखुम्बु ।**
सोलुखुम्बु जिल्लाको नेचासल्यान गाउँपालिका गौरीटापमा पहिलोपटक जिपलाइन सञ्चालनमा आएको छ । नेचासल्यान गाउँपालिकाले पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले समुद्री सतहभन्दा करिब तीन हजार मिटर उचाइमा अवस्थित पर्यटकीयस्थल पत्तालेको सिमाना गौरीटापमा जिपलाइन निर्माण गरी सञ्चालनमा ल्याएको हो ।

आन्तरिक तथा बाह्य पर्यटकलाई जिल्ला भित्र्याई नागरिकको आयआर्जनमा वृद्धि गर्न, छिमेकी जिल्ला र छिमेकी स्थानीय तहमा पर्यटन प्रवद्र्धनमा सघाउ पुर्याई ग्रामीण पर्यटनमा टेवा पुर्याउने उद्देश्यका साथ पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण गरिएको नेचासल्यान गाउँपालिकाका अध्यक्ष धनजन राईले जानकारी दिएका छन् । नेचासल्यान गाउँपालिकाको ८० लाख रुपैयाँ लागतमा साहसिक खेल जिपलाइन, साइक्लिङ, स्वीमिङ, क्लाम्बिङ र भ्यूप्वाइन्ट गरी पाँच प्रकारका मनोरञ्जनस्थल निर्माण गरिएको गाउँपालिकाका उपाध्यक्ष बिना राईले बताएका छन् ।

योजना निर्माणका लागि कालिका निर्माण सेवासँग गाउँपालिकाले २०८२ साउन ११ गते सम्झौता गरेको नेचासल्यान गाउँपालिका पूर्वाधार विकास शाखाका इन्जिनियर सुजन शर्माले जानकारी दिएका छन् । उनका अनुसार २०८२ चैतमा योजना सम्पन्न गर्ने लक्ष्यअनुसार योजना सम्पन्न गरी नयाँ वर्षको अवसर बनाएर यही २०८३ वैशाख १ गते गाउँपालिकालाई हस्तान्तरण गरी ५५० मिटर लम्बाइको जिपलाइन उद्घाटन गरिएको हो ।

गाउँपालिका अध्यक्ष राईले उद्घाटन गर्नुभएको जिपलाइनमा वैशाख १ गते नयाँ वर्षको दिन परीक्षणका लागि सञ्चालनमा ल्याएको थियो । सो दिन एक सय जना बढीले साहसिक खेल जिपलाइन खेलेर मनोरञ्जन लिएका थिए । नेचासल्यान गाउँपालिका–१ गौरीटाप र सोलुदुधकुण्ड नगरपालिका–८ पत्तालेको सिमानामा पर्ने गौरीटापमा निर्माण गरी वैशाख १ गतेदेखि सञ्चालनमा आएको जिपलाइनलाई नियमित रूपमा सञ्चालन गर्न ठेक्का आह्वान गरी आधिकारिक संस्थालाई जिम्मा दिने गाउँपालिकाले जनाएको छ । यसको कुल आम्दानीको ७० प्रतिशत स्थानीय तह र ३० प्रतिशत भेडिखोर सामुदायिक वनलाई रकम जाने गाउँपालिकाले जनाएको छ । सोलुखुम्बुको पत्ताले र गौरीटाप क्षेत्रबाट सगरमाथालगायत विभिन्न मनमोहक हिमशृंखला हेर्न वा देख्न सकिन्छ । पछिल्लो समय सो क्षेत्र पर्यटकीय ‘हब’ बन्दै गएको छ ।रासस



*घमाइलो घान्द्रुकः कास्कीको अन्नपूर्ण गाउँपालिका–११ स्थित घान्द्रुक डाँडागाउँ । अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने घान्द्रुक नेपालकै चर्चित पर्यटकीय गन्तव्यस्थल हो । तस्बिरः रासस*

# मणिपाल इन्जिनियरिङ कलेजको जग्गा ३२ वर्षदेखि अलपत्र

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको सदरमुकाम जलेश्वरमा अन्तर्राष्ट्रियस्तरको इन्जिनियरिङ कलेज बन्ने आशामा किसानले सस्तो मूल्यमा बेचेको ३५ बिघा उब्जाउ जमिन तीन दशक बितिसक्दा पनि प्रयोगविहीन अवस्थामा छ । कलेज निर्माणको कुनै संकेत नदेखिँदा स्थानीयवासीमा असन्तुष्टि चुलिँदै गएको छ ।



जलेश्वर–बर्दिबास सडकखण्डअन्तर्गत जलेश्वर नगरपालिका–१, ७ र ८ मा पर्ने जमिन ३२ वर्षअघि खरिद गरी तारजालीले घेरेर छोडिएको छ । कहिल्यै नबन्ने जस्तो अवस्थामा पुगेको 'मणिपाल इन्जिनियरिङ कलेज एन्ड टेक्नोलोजी'को नाममा लिइएको यो जमिन अहिले झाडी र जंगलमा परिणत हुन थालेको छ । त्यतिबेला इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, मेकानिकल, सिभिल र कम्प्युटर इन्जिनियरिङ विषयको पढाइ हुने अन्तर्राष्ट्रियस्तरको कलेज सञ्चालन हुने आश्वासन दिइएको थियो । सोही भरोसामा जलेश्वर, बजराही, रतबारा र बखरी गाउँका सयौँ किसानले आफ्नो उब्जाउ खेत प्रतिकट्ठा करिब १० हजार रुपैयाँको दरमा बिक्री गरेका थिए ।

स्थानीयका अनुसार मणिपाल एजुकेसन ग्रुपले प्रत्येक जग्गादाता किसानका एक सन्तानलाई निःशुल्क इन्जिनियरिङ अध्ययनको अवसर र रोजगारी दिने प्रतिबद्धता समेत जनाएको थियो । तर, वर्षौं बितिसक्दा पनि न कलेज बनेको छ, न त कुनै वाचा पूरा भएको छ ।

स्थानीय दानीकान्त पाठकका अनुसार 'शिक्षाको हब' बनाउने प्रलोभन देखाएर किसानलाई सस्तोमा जग्गा बेच्न बाध्य बनाइएको थियो । अर्का जग्गा विक्रेता हरिशचन्द्र ठाकुर भन्छन्, 'तीन दशक बितिसक्दा पनि कलेज बन्ने कुनै संकेत छैन, अब त हामीले दिएको जग्गा बेकार भएको जस्तो लाग्न थालेको छ ।'यो विषय हरेक निर्वाचनमा महोत्तरी क्षेत्र नं. ३ का उम्मेदवारहरूको प्रमुख एजेन्डा बन्ने गरेको भए पनि चुनाव सकिएपछि मुद्दा ओझेलमा पर्ने गरेको स्थानीयको गुनासो छ ।

२०५१ सालमा मणिपाल एजुकेसन ग्रुपले नेपाल सरकारसँग जलेश्वरमा इन्जिनियरिङ कलेज सञ्चालन गर्ने सम्झौता गरेको थियो । हाल यो परियोजना बतास समूहअन्तर्गतको बापो होल्डिङ्समार्फत सञ्चालनमा रहेको भनिए पनि व्यवहारमा कुनै प्रगति भएको देखिँदैन ।

लामो समयसम्म परियोजना अघि नबढेपछि जग्गा दिएका किसानहरू आक्रोशित भएका छन् । बजराही, रतबारा, बखरी र जलेश्वरका प्रभावित किसानहरूले अब पनि कलेज निर्माण नभए तारबार हटाएर आफ्नै जमिन फिर्ता लिएर खेती गर्ने चेतावनी दिएका छन् ।

स्थानीय सरकार र राजनीतिक नेतृत्वको बेवास्ताका कारण महत्वपूर्ण शैक्षिक परियोजना अलपत्र परेको भन्दै यहाँका बासिन्दाले अब ठोस पहलको माग गरेका छन् ।

# अमृत झा अझै इरानी जेलमै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
झन्डै चार महिनादेखि इरानको हिरासतमा रहेका नेपाली युवा अमृत झाको रिहाइबारे सरकारी दाबी र परिवारको भनाइबीच स्पष्ट विरोधाभास देखिएको छ । सरकारले रिहाइ प्रक्रिया सुरु भइसकेको दाबी गरिरहँदा परिवारले भने उनी अझै जेलमै रहेको पुष्टि गरेको छ ।

अमृतकी दिदी पूजा झाले मंगलबार दिएको जानकारीअनुसार उनी दक्षिणी इरानको बन्दर अब्बासस्थित जेलमै छन् । 'हिजो मात्रै भाइसँग कुरा भयो, ऊ अझै हिरासतमा नै छ र उसविरुद्ध अनुसन्धान जारी रहेको बतायो,' उनले भनिन् । उनका अनुसार सरकारले केही दिनमै नेपाल फर्किने सन्देश दिए पनि वास्तविकता त्यस्तो नभएको पाइएको छ । यसअघि परराष्ट्र मन्त्रालयले अमृतको रिहाइका लागि स्थानीय अदालतबाट आदेश आएको 'अनौपचारिक सूचना' प्राप्त भएको जनाएको थियो । सो सन्देश परराष्ट्रमन्त्री शिशिर खनालले पनि सामाजिक सञ्जालमार्फत साझा गर्दै उनलाई रिहा गरिएको जानकारी आएको बताएका थिए । त्यसपछि परिवारसहित आफन्तजनमा ठूलो आशा जागेको थियो ।

अमृतकी आमा प्रभावती झाका अनुसार छोराले आफैंले पनि 'साता–दस दिनभित्र घर फर्किने' संकेत दिएका थिए । तर पछि फेरि सम्पर्क हुँदा उनी अझै जेलमै रहेको थाहा पाएपछि परिवार स्तब्ध भएको छ ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षत्रीले भने सरकारको तर्फबाट भ्रम फैलाइएको नभई रिहाइ प्रक्रिया अघि बढिसकेको स्पष्ट पारेका छन् । 'हामी उहाँलाई छिटोभन्दा छिटो नेपाल फर्काउने प्रयासमा निरन्तर लागिरहेका छौं,' उनले बताए । ३२ वर्षीय अमृत झालाई गत जनवरी १२ मा स्ट्रेट अफ हर्मुज क्षेत्रबाट तेलवाहक जहाजसहित इरानी सुरक्षा निकायले नियन्त्रणमा लिएको थियो । उनी दुबईस्थित कम्पनीमा कार्यरत जहाज चालक हुन् र विगत एक दशकदेखि खाडी क्षेत्रमा काम गर्दै आएका थिए ।

अमृतविरुद्ध इरानी जलक्षेत्रमा अवैध प्रवेश गरी तेल तस्करीमा संलग्न भएको आरोप लगाइएको छ । यद्यपि कूटनीतिक स्रोतका अनुसार उनीमाथि लगाइएको अभियोग अत्यन्त गम्भीर प्रकृतिको भने छैन । सोही आधारमा उनका अन्य चार जना सहकर्मीलाई इरानी अदालतले यसअघि नै रिहा गरिसकेको बताइएको छ ।

# भारतीय नागरिक मृत फेला

**मुस्ताङ ।**
मुस्ताङमा एक भारतीय नागरिकको शव मृत अवस्थामा फेला परेका छन् । घरपझोङ गाउँपालिका–४ लामाकुर्सीस्थित लामाकुर्सी गुम्बाको बत्ती बाल्ने कोठामा भारतीय नागरिकको शव मंगलबार बिहान १०:१५ बजेको समयमा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ ।

जिल्ला प्रतापगढ उत्तर प्रदेश राज्य भारत घर भएका ६३ वर्षीय पुरुष सङ्गमलाल यादवको शव मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी एवम् प्रहरी निरीक्षक ईश्वर महतले जानकारी दिए ।

वारागुङ मुक्तिक्षेत्र र घरपझोङ गाउँपालिकाको सिमाना पान्डा खोला नजिकै जोमसोम–कागबेनी सडक छेउको लामाकुर्सी गुम्बाको बत्ती बाल्ने कोठामा भारतीय नागरिकको मृत शव फेला परेको प्रहरी निरीक्षक महतले बताए ।

मृत फेला परेका भारतीय नागरिकको घटनास्थलबाट आधार कार्ड फेला परेको छ । घटनाको प्रहरी विवरणअनुसार मृत फेला परेका भारतीय नागरिक यादव अघिल्लो महिनाको चैत्र १८ गते ट्रेकिङका लागि आएको बताइएको छ । भारतीय नागरिकको मृत भेटिएपछि जिल्ला प्रहरी कार्यालय मुस्ताङले मृतकको परिवारसँग सम्पर्कको लागि समन्वय गरिहेको जनाएको छ । प्रहरी कार्यालयका अनुसार मृतक भारतीय नागरिकको शव जोमसोमस्थित प्रादेशिक अस्पतालको शव गृहमा राखिएको छ ।

यसअघि भारतीय नागरिकको शव मृत अवस्थामा रहेको सूचना प्राप्त गरेलगत्तै जिल्ला प्रहरी कार्यालय मुस्ताङमा नौ जनाको प्रहरी टोली घटनास्थलमा पुगेको थियो । प्रहरीले भारतीय नागरिक मृत अवस्थामा फेला परेको घटनास्थलको प्रकृति र मचुल्का तयार गरी अनुसन्धानकार्य अघि बढाइएको प्रहरी निरीक्षक महतले उल्लेख गरे ।

# धनुषामा अध्यक्ष कप क्रिकेट टुर्नामेन्ट २०८३ सुरु



दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम
धनुषाको धनौजी गाउँपालिकाले वार्षिक योजना अन्तर्गत अध्यक्ष कप क्रिकेट टुर्नामेन्ट २०८३ औपचारिक रूपमा सुरु गरेको छ। गाउँपालिका अध्यक्ष राज कुमार साह ले फिता काट्दै प्रतियोगिताको उद्घाटन गरेका हुन्।

उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष साहले युवा शक्ति राष्ट्र निर्माणको आधार भएको उल्लेख गर्दै खेलकुदले युवामा अनुशासन, स्वास्थ्य र सकारात्मक सोचको विकास गराउने बताए। उनले स्थानीय तहमा लुकेका खेल प्रतिभालाई उजागर गर्न यस्ता प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने धारणा व्यक्त गरे।

कार्यक्रममा वडा नं. ३ का अध्यक्ष रामनारायण यादव, वडा नं. २ का अध्यक्ष उदय कुमार यादव, कार्यपालिका सदस्य मिना कुमारी मण्डल तथा वडा सदस्य रविन्द्र राउत सहित अन्य जनप्रतिनिधिहरूको उपस्थिति रहेको थियो। आयोजकका अनुसार प्रतियोगितामा ५ वटा टिमले सहभागिता जनाएका छन्। प्रतियोगिताले गाउँपालिकाका युवाहरूलाई खेलकुदतर्फ प्रेरित गर्नुका साथै स्वस्थ प्रतिस्पर्धा र सहकार्यको भावना अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

कार्यक्रम उल्लासपूर्ण वातावरणमा सम्पन्न भएको छ भने खेल तालिका अनुसार प्रतियोगिता केही दिनसम्म सञ्चालन हुने जनाइएको छ।

# पोखरी ठेक्कामा फसाउन खोजेको ठेकेदारको गुनासो

राकेश यादव
रौतहट ।
गरुडा नगरपालिका–७ गेडहिगुठीका परीक्षण सहनी (राजकुमार सहनी) ले वृन्दावन नगरपालिकाले आफूलाई अन्यायपूर्वक फसाउन खोजिएको बताएका छन् । वृन्दावन–८ बहुअरीस्थित नमुना माध्यमिक विद्यालय बरगजवाको नाममा रहेको करिब ४ बिघा ४ कठ्ठा क्षेत्रफलको पोखरी ठेक्कामा लिएकामा सम्झौताअनुसार काम गर्न नदिइएको आरोप लगाएका हुन् ।

माछापालनका लागि पोखरी ठेम्का लिएका ठेकेदार सहनीले पोखरी तत्कालीन नगरप्रमुख राम यादव, तत्कालीन वडा ८ का अध्यक्ष दिनानाथ महतोको कार्यकालमा २०७८ जेठ ३ गते डाक बढाबढ प्रक्रियामार्फत पाँच वर्षका लागि ५६ लाख रुपैयाँमा ठेक्का सम्झौता गराएको उल्लेख गरे ।

सहनीले पहिलो किस्ताबापत ११ लाख ३० हजार रुपैयाँ बुझाएर माछापालन सुरु गरेका बताउँदै २०७९ वैशाख ३० गते स्थानीय तहको दोस्रो निर्वाचनमा वृन्दावन नगरपालिकाको मेयर पदमा बिनोद प्रसाद कुर्मी र वडा ८ को अध्यक्षमा रबिन्द्र भन्ने उपेन्द्र साह निर्वाचित भएपछि पोखरीको मर्मत तथा पानी व्यवस्थापनमा बेवास्ता गर्दा व्यवसाय प्रभावित भएको बताए ।



'पानी नै नभएको पोखरीमा कसरी माछा पाल्ने ?' भन्दै उनले पटकपटक पोखरी छोड्न नगरपालिकामा निवेदन दिँदा समेत दर्ता नगरिएको आरोप लगाएका छन् । स्थानीय तह निर्वाचनपछि नयाँ जनप्रतिनिधि आएपछि व्यवस्थापनमा सुधारप्रति बेवास्ता गरेको उनको भनाइ छ ।

सहनीका अनुसार पहिलोपटक पोखरीमा राखिएको भूरा माछा केही ठूलो साइज भएको थियो । २०८० चैत २८ गते पोखरीमा पानी घटेपछि माछा निकाल्ने क्रममा वडा अध्यक्ष रविन्द्र शाह (उपेन्द्र साह) को अगुवाइमा बलपूर्वक माछा बिक्री गरिएको तर त्यसको रकम आफूहरूले नपाएको दाबी गरिएको छ ।

यसैबीच, वृन्दावन नगरपालिकाले उल्टै ठेकेदार सहनीविरुद्ध अदालतमा मुद्दा दायर गर्नुका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौँडामा समेत उजुरी परेको सहनीले बताए । 'पहिलो किस्ताको रकमसमेत उठाउन सकेका छैनौँ, उल्टै बाँकी ४५ लाख रुपैयाँ तिर्नुपर्ने भन्दै मुद्दा हालिएको छ,' उनले गुनासो गरेका छन् ।

मंगलबार पोखरीको डिलमै आयोजित पत्रकार सम्मेलनमा पीडित पक्षले आफूहरूले बुझाएको रकम फिर्ता गराउन र न्याय दिलाउन माग गरे । कार्यक्रममा स्थानीयले समेत नगरपालिकाले अनावश्यक रूपमा ठेकेदारलाई फसाउन खोजेको आरोप लगाएका थिए ।

पूर्व वडाअध्यक्ष दिनानाथ महतोले पनि पानी अभावका कारण पोखरी सञ्चालन कठिन भएको बताएका छन् । पूर्वअध्यक्ष महतोका अनुसार पालिकाको हेलचेत्m याइँको कारण पछिल्लो तीन वर्षदेखि पोखरी पूर्णरूपमा सुक्खा छ, एकथोपा पानी छैन । 'यस्तो अवस्थामा ठेकदारले कसरी माछा पालन गर्ने र पालिकालाई कहाँबाट पैसा दिन्छ । मेयर कुर्मी मात्र नभई अदालत, अख्तियार समेतले पोखरीको अवस्थाबारे स्थलगत अनुगमन गरे कसैमाथि अन्याय हुँदैन,' उनको दाबी छ ।

पत्रकार सम्मेलनमा ठेकेदार सहनीका साथै वडा ८ का सञ्जय यादव, महेन्द्र साह, बिरेन्द्र यादव, सिकिन्द्र यादव तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिकिन्द्र यादवलगायतको उपस्थिति थियो ।

# अझै तीन दिन 'लु' को जोखिम, पाँच दिनसम्म गर्मी बढ्ने

**काठमाडौँ ।**
देशका विभिन्न भागमा बढ्दो तापक्रमसँगै तातो हावाको लहर (लु) को जोखिम अझै केही दिन कायम रहने भएको छ । जल तथा मौसम विज्ञान विभागले बिहीबारसम्म तराईका केही जिल्लामा लु चल्ने सम्भावना रहेको भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

विभागका अनुसार आज दिउँसो लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ । धनगढी र नेपालगञ्जमा ४३ डिग्री, भैरहवामा ४४ डिग्री र काठमाडौँमा ३३ डिग्री सेल्सियस तापक्रम मापन गरिएको छ ।

विभागका मौसमविद् विनु महर्जनका अनुसार पूर्वी भूभागमा शनिबारसम्म र पश्चिम क्षेत्रमा अझै केही दिन बढी तातो रहने सम्भावना छ । उनले दिउँसोको समयमा अत्यावश्यकबाहेक बाहिर ननिस्कन, चिसो तथा हावादार स्थानमा बस्न, हल्का र पातलो कपडा लगाउन तथा प्रशस्त पानी र झोल पदार्थ सेवन गर्न सुझाव दिइन् ।

लुम्बिनी र सुदूरपश्चिमका तराई जिल्लाहरू—कञ्चनपुर, कैलाली, डडेलधुरा, डोटी, बर्दिया, बाँके, दाङ, कपिलवस्तु र रुपन्देही—मा 'सतर्क रहनु' स्तरको चेतावनी जारी गरिएको छ । त्यस्तै, अछाम, सुर्खेत, दैलेख, सल्यान, रोल्पा, प्यूठान, अर्घाखाँची, पाल्पा, परासी, नवलपुर, चितवन, मकवानपुर, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सिन्धुली र उदयपुरलगायत जिल्लामा 'अद्यावधिक रहनु' स्तरको चेतावनी दिइएको छ ।

तातो हावा र उच्च तापक्रमका कारण थकान, अत्यधिक तिर्खा लाग्ने, टाउको दुख्ने, आँखामा पोल्ने, चक्कर आउने तथा बेहोस हुने जस्ता समस्या देखिन सक्ने विभागले जनाएको छ । बालबालिका, वृद्ध तथा दीर्घरोगीहरू विशेष जोखिममा पर्ने भएकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ ।

# हरिखेतानमा संघर्ष समिति गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
हरिखेतान बहुमुखी क्याम्पसमा आन्दोलनरत पक्षको बैठक मंगलबार भएको छ । बैठकले क्याम्पसको विद्यान संशोधन गर्न क्याम्पस प्रमुख किशोरी रायको संयोजत्वमा ११ सदस्यीय संघर्ष समिति गठन गरेको बताइएको छ ।

वैशाख ११ गतेसम्म विद्यान संशोधन प्रकृया अगाडि नबढेमा क्याम्पस प्रमुखले पदवाट राजीनामा दिने निर्णय भएको कुरा आन्दोलनरत पक्षीय शिक्षक, प्राध्यापकहरूको भनाइ छ । यस सम्बन्धमा क्याम्पस प्रमुख रायले भने आफू कुनै बैठकमा सहभागी नभएको, आन्दोलन सम्बन्धमा कागजातमा कहीँ कतै हस्ताक्षरसमेत नगरेको बताउँदै आन्दोलनरत पक्षबाट क्याम्पस प्रमुखलाई फसाउन षड्यन्त्र गरिरहेको बताए ।

आफू क्याम्पस व्यवस्थापन समितिको सदस्य सचिवसमेत रहेको हुँदा जिम्मेवार व्यक्तिले गैह्रजिम्मेवार कृयाकलाप गर्न नसकिने क्याम्पस प्रमुख रायले प्रष्ट पारेका छन् । हरि खेतान बहुमुखी क्याम्पसका शिक्षाक, प्राध्यापक एवम् कर्मचारी विभिन्न माग लिएर आन्दोलनमा छन् । सामुदायिक क्याम्पसलाई निजी बनाएको भन्ने आन्दोलनरत पक्षको आरोप छ । तर क्याम्पस व्यवस्थापन पक्षले भने क्याम्पस निजी नभएर अहिले पनि सामुदायिक रहेको बताएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन